का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ पुस २०८१,
बिहीबार
9 January, 2025
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३२१ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# मधेश गठबन्धनमा मतभेद



सत्ता साझेदार दलहरूमाथि सम्पूर्ण दोष देखाउने प्रवृत्तिले गठबन्धन चल्दैन

● **कृष्णप्रसाद यादव**
संसदीय दलका नेता
नेपाली कांग्रेस



गठबन्धनभित्र समस्याको समाधान नखोजेर सीके राउतको अभिव्यक्ति अपरिपक्व राजनीतिको उपज हो

● **सरोजकुमार यादव**
संसदीय दलका नेता
नेकपा एमाले



कांग्रेस र एमालेले सरकारको नेतृत्व पाउनका लागि मुख्यमन्त्रीलाई असफल बनाउन खोजेका छन्

● **शरदसिंह यादव**
प्रवक्ता, जनमत पार्टी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २४ पुस ।

मधेश प्रदेश सरकारको नेतृत्वदायी दल जनमत पार्टीले सहयात्री दलहरूमाथि आक्षेप लगाएपछि सत्ता गठबन्धनमा मतभेद उत्पन्न भएको छ । जनमत पार्टीले सत्ता गठबन्धनकै दलहरू नेपाली कांग्रेस र नेकपा एमालेले मधेश सरकारलाई घेराबन्दी गरेको आरोप लगाएपछि सत्ता गठबन्धन २ ध्रुवमा विभाजित भएको हो ।

सरकारलाई असफल देखाउन सरकारमै रहेका दल एमाले र कांग्रेसले योजनाबद्ध गतिविधि गरिरहेका आरोप जनमत पार्टीका अध्यक्ष सीके राउतले लगाएपछि मतभेद छताछुल्ल भएको हो ।

सत्ता गठबन्धनमा मतभेद भएपछि सतिशकुमार सिंह नेतृत्वको सरकार संकटतर्फ धकेलिएको आशंका नेताहरूले गरेका छन् ।

प्रदेशसभाको ठूलो र दोस्रो दल एमाले तथा कांग्रेसको समर्थनमा सिंह मुख्यमन्त्री बनेका हुन् । प्रदेश सरकारमा कांग्रेस र एमालेका साथै महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि सहभागी छ ।

मुख्यमन्त्री सिंहले अर्थमन्त्री यादवलाई स्पष्टीकरण सोधेर सार्वजनिक गरेपछि कांग्रेस चिढिएको हो ।

चालू आर्थिक वर्षको ५ महिना बितिसक्दा पनि विकास खर्च १ प्रतिशत नाघ्न नसक्दा सरकारको आलोचना भइरहेको छ । यसै विषयमा जनमतका अध्यक्ष राउतले प्रमुख सत्ता साझेदार दलहरू कांग्रेस र एमालेप्रति कडा टिप्पणी गरेका हुन् । राउतले सामाजिक संजाल फेसबुकमार्फत ८ बुँदे धारणा सार्वजनिक गरी प्रदेश सरकारमा »» पृष्ठ २ मा

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन,
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं,
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुर्‍याउँछ ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आर्थिक सुधारका लागि सुझाव
# नयाँ होइन, पुराना ठेक्कालाई प्राथमिकता



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ पुस ।

चालू आर्थिक वर्षमा नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न कामहरूको भुक्तानीलाई प्राथमिकता दिन उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारलाई सुझाव दिएको छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई आयोगका अध्यक्ष रामेश्वर खनालले दिएको अन्तरिम प्रतिवेदनमा नयाँ ठेक्काभन्दा पुराना ठेक्कालाई प्राथमिकता दिनुपर्ने सुझाव दिइएको हो ।

यस्तै, बहुवर्षीय ठेक्का लागेर सिर्जित दायित्व पूरा गरेर बजेट उपलब्ध हुन सक्ने भए मात्र नयाँ आयोजनाहरू आउने वर्षको बजेटमा राख्न सुझाव पनि दिइएको छ । उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझावका लागि सरकारले असोजको तेस्रो साता विज्ञ र निजी क्षेत्रको प्रतिनिधित्व सम्मिलित आयोग गठन गरेको थियो । आयोगले ६ महिनाभित्र अर्थात् चैतको तेस्रो हप्ताभित्र पूर्ण प्रतिवेदन पेस गर्नुपर्ने समय दिइएको छ ।

तत्कालीन समस्या समाधानका लागि अयोगले सरकारलाई प्रतिवेदन बुझाएको हो । प्रतिवेदनमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको नीतिअनुसार नै सुझाव आएको अर्थ मन्त्रालयको भनाइ छ । आयोगले अर्थ मन्त्रालयलाई लिखित रूपमा अन्तरिम प्रतिवेदन बुझाएको हो । आयोगले प्रारम्भिक अध्ययनका रूपमा देखिएका मुख्य समस्यालाई समाधान गर्न सुझाव दिएको हो ।

अर्थतन्त्रलाई चलायमान र सुदृढ बनाउनका लागि सरकारी दायित्व »» पृष्ठ २ मा

## लोकसेवा आयोगको प्रस्ताव
# आरक्षणको आधार अर्थोपार्जन

जाति, क्षेत्र र भूगोल जो पछाडि परेका थिए, ती वर्गको आर्थिक स्थिति राम्रो भएपछि आर्थिक रूपले विपन्नलाई राज्यका विभिन्न निकायमा आरक्षण रूपान्तरण गरिनुपर्ने संविधानको मर्म रहेको सर्वोच्च अदालतको फैसला छ

"समावेशी प्रतिनिधित्व जातीय आधारमा भन्दा आर्थिक स्थिति र वर्गीय आधारमा दिनुपर्छ । यस कारण आरक्षणको आधार अर्थोपार्जन हुनुपर्छ भन्ने बहस भइरहेकै छ । यसलाई ध्यान दिनु राम्रो हुन्छ



■ **माधव रेग्मी**
अध्यक्ष, लोकसेवा आयोग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ पुस ।

नेपालमा निजामती सेवा प्रवेश समावेशी प्रतिनिधित्व, लिंग, जात र भूगोलका आधारमा हुँदै आएको छ । यस्तो अभ्यास आर्थिक वर्ष २०६३/०६४ देखि हुन थालेको हो ।

समावेशी आरक्षण कोटातर्फबाट निजामती सेवामा प्रवेश दिने अभ्यासलाई बदलेर अब आर्थिक अवस्थाको आधारमा आरक्षण दिनुपर्ने प्रस्ताव सरोकारवालाहरूबाट आउन थालेको छ । लोकसेवा आयोग नै यस्तो प्रस्तावलाई सकारात्मक भन्छ र यसअनुसार कानुन बनाउनुपर्ने पक्षमा छ ।

संविधानसभाबाट २०७२ सालमा जारी भएको संविधानअनुसार संघीय निजामती सेवा ऐन परिमार्जन गर्ने प्रयास भइरहेको छ । यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ल्याएको संघीय निजामती सेवासम्बन्धी विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ ।

विधेयकमाथि राय लिन राज्य व्यवस्था समितिले यही १८ पुसमा लोकसेवा आयोगका पदाधिकारीहरूलाई छलफलमा बोलाएको थियो, जहाँ लोकसेवा आयोगका अध्यक्ष माधव रेग्मीले नै आर्थिक अवस्थाको आधारमा आरक्षण दिइनुपर्ने प्रस्ताव राखे ।

उनले भनेका छन्, 'समावेशी प्रतिनिधित्व जातीय आधारमा भन्दा आर्थिक स्थिति र वर्गीय आधारमा दिनुपर्छ । यस कारण आरक्षणको आधार अर्थोपार्जन हुनुपर्छ भन्ने बहस भइरहेकै छ । यसलाई ध्यान दिनु राम्रो हुन्छ ।' लोकसेवा आयोगले »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष
# देशगत समूहमा अभिमुखीकरण तालिम गराउन निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ पुस ।

वैदेशिक रोजगार विभागले आगामी १ माघदेखि वैदेशिक रोजगारीमा जाने कामदारलाई देशगत समूहमा अभिमुखीकरण तालिम गराउन निर्देशन दिएको छ । गत ३ पुसदेखि लागू गरेको फेसटाइम एटेन्डेन्स वा आँखाको रेटिना रेकर्ड गर्ने आइरिस रिकग्निसन सिस्टमले सजिलोसँग काम गरेपछि देशगत क्लस्टर लागू गर्न लागेको हो ।

आइरिस सिस्टम लागू भएसँगै बैदेशिक रोजगारीमा जाने व्यक्ति अनिवार्य रूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम कक्षामा उपस्थित हुने गरेका छन् । विभागका निर्देशक लोकनाथ भुसालले विज्ञप्तिमार्फत देशगत क्लस्टर लागू गर्ने सम्बन्धमा २ बुँदे निर्देशन जारी गरेका छन् ।

विज्ञप्तिअनुसार यसअघि क्लस्टर तालिम संचालन अनुमतिप्राप्त संस्थाले १ माघदेखि तोकिएको क्लस्टरअनुसारको तालिम संचालन गर्ने, देशगत क्लस्टर संचालन अनुमतिका लागि निवेदन नदिएका वा निवेदन दिए पनि छनोट नभएका संस्थाले २८ पुसभित्र आफूले संचालन गर्ने देशगत क्लस्टर समूह, पूर्वाधार र प्रशिक्षकहरूको योग्यता खुलाए निवेदन दिएर छनोट भएपछि १ माघदेखि नै देशगत तालिम संचालन गर्नुपर्ने विभागको भनाइ छ ।

देशगत क्लस्टर तालिम संचालन अनुमति पाएका »» पृष्ठ २ मा

## विपीनको रिहाइका लागि परराष्ट्रमन्त्री राणाको आग्रह



**काठमाडौं/मस-**
परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपालका लागि इजरायलका राजदूत समुलिक एरी बासमार्फत इजरायल सरकारसँग हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी विपीन जोशीको रिहाइका लागि आग्रह गरेकी छन् ।

परराष्ट्रमन्त्री डा. राणासँग बुधबार मन्त्रालयमा शिष्टाचार भेटका क्रममा राजदूत बाससँग विपीनको »» पृष्ठ २ मा

## निजी गाडीमा भाडाका यात्रु
# ट्राफिकलाई छैन साथ प्रशासन मौन

कर्णालीका अधिकांश जिल्लामा अझै बाटोघाटोको समस्या रहेका कारण पनि रातो नम्बर प्लेटका गाडी चलाउनुपर्ने बाध्यता रहेको गाडी चालकहरूले बताएका छन्



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २४ पुस ।

कर्णाली प्रदेशमा रातो नम्बर प्लेटका गाडीले धमाधम भाडाका यात्रु बोक्ने गरेका छन् । निजी गाडी (रातो प्लेटका)ले भाडाका यात्रु बोक्न नपाउने प्रावधान छ तर पनि कर्णालीका सबै ठाउँमा निजी गाडीले खुलेआम भाडाका यात्रु बोक्ने गरेका छन् ।

यसमा जिल्ला प्रशासन कार्यालय, ट्राफिक प्रहरी कार्यालय र यातायात कार्यालय मौन देखिएका छन् । कर्णालीमा रातो नम्बर प्लेटका गाडी कति छन् भन्ने पनि यकिन जानकारी यातायात कार्यालयसँग छैन ।

तर, यहाँ भएको सबै निजी गाडीले दैनिक रूपमा भाडाका यात्रु बोक्ने गरेका पाइएको छ । भाडामा यात्रु बोक्ने सवारी साधन फरक भए पनि रातो प्लेटले रिजर्भको नाममा यात्रुलाई लुट्नसम्म लुटेका एक यात्रुले बताए ।

त्यति मात्र होइन, रातो नम्बर प्लेटका सवारी व्यक्तिदेखि सरकारी कार्यालयले समेत भाडामा प्रयोग गर्ने गरेका छन् । विभिन्न समयमा रातो नम्बर प्लेटका सवारी सरकारी कार्यालयले पनि प्रयोग गर्ने गरेका ती यात्रुले भने ।

यहाँ अधिकांश रातो प्लेटका गाडीले सवारी बोक्दा कालो प्लेट अर्थात् भाडाका सवारी साधन मारमा पर्ने गरेका छन् भने राज्यलाई समेत राजस्वमा करोडौंको घाटा हुने गरेको छ ।

रातो प्लेट निजी सवारी साधनले भाडाका यात्रु बोक्दा राज्यलाई घाटा हुने गरेको नाम उल्लेख नगर्ने शर्तमा यातायात कार्यालय सुर्खेतका एक कर्मचारीले बताए । 'निजी गाडीले भाडाका यात्रु बोक्न नपाउने नियम छ तर यहाँ किन हो खै यात्रु बोकिरहेको छ ।' 'कालो प्लेट सार्वजनिक सवारी साधनले रुट »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

२५ पुस २०८१ बिहीबार
9 January 2025, Thursday

# राजदूत डा. तुम्बाहाम्फेद्वारा ओहदाको प्रमाणपत्र प्रस्तुत

**काठमाडौं/मस–**गणतन्त्र कोरियाका कार्यवाहक राष्ट्रपति चोइ साङ मोकसमक्ष नेपालका राजदूत डा.शिवमाया तुम्बाहाम्फेले आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेकी छन् । सियोलमा आयोजित एक समारोहमा उनले आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेकी हुन् ।

प्रमाणपत्र पेस गरेपछि राजदूत तुम्बाहाम्फेले कार्यवाहक राष्ट्रपति चोईसँग शिष्टाचार भेट गरेको सिओलस्थित नेपाली राजदूतावासले आज जनाएको छ । त्यस अवसरमा उनले नेपाल र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको सन्दर्भमा द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउन उच्चस्तरीय भ्रमण आदानप्रदानको महत्वपूर्ण हुने बताउँदै आगामी मेसम्ममा त्यस्ता भ्रमणका निम्ति सहजीकरण गर्न दूतावासलाई अवसर मिल्ने विश्वास व्यक्त गरिन् ।

आफ्नो कार्यकालमा दुई देशबीचको सम्बन्धलाई सुदृढ बनाउन इमान्दार भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै राजदूत तुम्बाहाम्फेले गणतन्त्र कोरियामा रहेका एक लाखभन्दा बढी नेपाली कामदारले दुई देशबीच जनस्तरको सम्बन्धलाई प्रवर्द्धनका साथै कोरियाको अर्थतन्त्रमा योगदान गरेका बताइन् ।

कार्यवाहक राष्ट्रपतिले राजदूत तुम्बाहाम्फेलाई गणतन्त्र कोरियाका



लागि नेपालको राजदूतका रूपमा स्वागत गर्दै नेपाल-कोरिया सम्बन्ध प्रवर्द्धनमा सक्दो सहयोग गर्ने बताए । साथै उनले राजदूत तुम्बाहाम्फेको सफल कार्यकालको कामना पनि गरे ।

उनले कार्यवाहक राष्ट्रपतिमार्फत नेपाल सरकार र आफ्नो तर्फबाट २९ डिसेम्बरमा गणतन्त्र कोरियामा भएको विमान दुर्घटनामा ज्यान गुमाएकाहरूका परिवारप्रति गहिरो समवेदना व्यक्त गरिन् ।

त्यस अवसरमा नेपाली दूतावासका उपप्रमुख पुष्पराज भट्टराई तथा गणतन्त्र कोरियाका विदेशमन्त्री चो ताई युल, शिष्टाचार प्रमुख र विदेश मन्त्रालयका अन्य उच्च अधिकारीको उपस्थिति थियो ।

गणतन्त्र कोरियाका कार्यवाहक राष्ट्रपति चोइ साङ मोकसमक्ष नेपालका राजदूत डा शिवमाया तुम्बाहाम्फेले आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेकी छन् । मंगलबार सियोलमा आयोजित एक समारोहमा उनले आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेकी हुन् ।

प्रमाणपत्र पेस गरेपछि राजदूत तुम्बाहाम्फेले कार्यवाहक राष्ट्रपति चोईसँग शिष्टाचार भेट गरेको सिओलस्थित नेपाली राजदूतावासले आज जनाएको छ । त्यस अवसरमा उनले नेपाल र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको सन्दर्भमा द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउन उच्चस्तरीय भ्रमण आदानप्रदानको

महत्वपूर्ण हुने बताउँदै आगामी मेसम्ममा त्यस्ता भ्रमणका निम्ति सहजीकरण गर्न दूतावासलाई अवसर मिल्ने विश्वास व्यक्त गरिन् ।

आफ्नो कार्यकालमा दुई देशबीचको सम्बन्धलाई सुदृढ बनाउन इमान्दार भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै राजदूत तुम्बाहाम्फेले गणतन्त्र कोरियामा रहेका एक लाखभन्दा बढी नेपाली कामदारले दुई देशबीच जनस्तरको सम्बन्धलाई प्रवर्द्धनका साथै कोरियाको अर्थतन्त्रमा योगदान गरेका बताइन् ।

कार्यवाहक राष्ट्रपतिले राजदूत तुम्बाहाम्फेलाई गणतन्त्र कोरियाका
लागि नेपालको राजदूतका रूपमा स्वागत गर्दै नेपाल-कोरिया सम्बन्ध प्रवर्द्धनमा सक्दो सहयोग गर्ने बताए । साथै उनले राजदूत तुम्बाहाम्फेको सफल कार्यकालको कामना पनि गरे ।

उनले कार्यवाहक राष्ट्रपतिमार्फत नेपाल सरकार र आफ्नो तर्फबाट २९ डिसेम्बरमा गणतन्त्र कोरियामा भएको विमान दुर्घटनामा ज्यान गुमाएकाहरूका परिवारप्रति गहिरो समवेदना व्यक्त गरिन् ।

त्यस अवसरमा नेपाली दूतावासका उपप्रमुख पुष्पराज भट्टराई तथा गणतन्त्र कोरियाका विदेशमन्त्री चो ताई युल, शिष्टाचार प्रमुख र विदेश मन्त्रालयका अन्य उच्च अधिकारीको उपस्थिति थियो ।

# चिसो बढेपछि सार्वजनिक स्थानमा आगो ताप्ने व्यवस्था

**नेपालगन्ज/मस–**चिसो र शीतलहरले जनजीवन दिनदिनै कष्टकर बन्दै गएपछि नेपालगञ्जको सार्वजनिक स्थानमा आगो ताप्ने व्यवस्था मिलाइएको छ ।

चिसो अत्यधिक बढेपछि बाँकेको कोहलपुर नगरपालिकाले नगरका विभिन्न सार्वजनिक ठाउँमा आगो ताप्ने व्यवस्था मिलाएको हो । विगत केही दिनदेखि हुस्सु, कुहिरो र शीतलहरसँगै बढेको चिसोले जनजीवन प्रभावित बनेपछि बुधबार नगरका विभिन्न स्थानमा दाउरा वितरण गरी आगो ताप्ने व्यवस्था मिलाइएको नगर प्रहरी प्रमुख वीरबहादुर थापाले बताए । उनका अनुसार पालिकाका मुख्यचौराह, साझाचोक, हाइस्कुल, पिपरी, हवल्दारपुर, मदनचोक, कौशिलानगर, चप्परगौडीलगायत मानिस बढी जमघट हुने मुख्य राजमार्ग क्षेत्रका चोकहरूमा दाउरा वितरण सुरु गरिएको हो ।

जिल्ला वन पैदावर आपूर्ति समितिबाट दाउरा खरिद गरी इलाका प्रहरी कार्यालय कोहलपुरसँगको सहकार्यमा वितरण सुरु गरिएको



नगर प्रहरी प्रमुख थापाले जानकारी दिए । चिसोबाट मजदुर, ठेला तथा रिक्सा चलाक, बालबालिका, वृद्धवृद्धा तथा विद्यार्थी बढी प्रभावित भएका छन् । शीतलहरसँगै बाक्लो हुस्सु लागेकाले सवारी साधनहरू सञ्चालनमा समेत समस्या भएको छ ।

भेरी अस्पताल नेपालगन्जका सूचना अधिकारी एवम् इमर्जेन्सी विभाग प्रमुख वरिष्ठ फिजिसियन डा.संकेत रिसालले चिसोका कारण बढीजसो बालबालिका र वृद्धवृद्धामा जोखिम हुने भएकाले सचेत रहन आग्रह गरे । उनका अनुसार पछिल्लो समय बालबालिका तथा वृद्धवृद्धाहरू निमोनिया, दम, फोक्सोको समस्या लिएर उपचार गर्न अस्पताल आउनेको संख्या बढ्दै गएको छ ।

जिल्ला प्रशासन कार्यालय बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालका अनुसार शीतलहर तथा चिसोबाट नागरिकलाई जोगाउन जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसेर वन कार्यालय र सव-डिभिजन वन कार्यालयलाई न्यूनतम दररेटमा दाउरा उपलब्ध गराउन अनुरोध गरिएको बताए ।

# प्रेस काउन्सिललाई नियमनका लागि बाटो खुला

**काठमाडौं/मस–**उच्च अदालत पाटनले तथ्य र आधारबिना सूचना सम्प्रेषण गर्ने अनलाइन पोर्टललाई नियमन र कारबाही गर्न प्रेस काउन्सिल नेपाललाई बाटो खुला गरिदिएको छ । न्यायाधीशद्वय खडानन्द तिवारी र कृष्णराम कोइरालाको संयुक्त इजलासले आज काउन्सिलको काम, कारबाहीमा तत्काल हस्तक्षेप गर्नुपर्ने आदेश जारी हुनु नपर्ने भन्दै बाटो खुला गरिदिएको हो ।

गलत र भ्रामक सूचना सम्प्रेषण गरेको, नियामक निकायलाई अटेर गरेकोलगायत कारण देखाउँदै प्रेस



काउन्सिलले विभिन्न अनलाइन पोर्टललाई कालोसूचीमा राखी कारबाही गर्ने निर्णय गरेको थियो । काउन्सिलको उक्त निर्णयविरुद्ध अन्तरिम आदेश माग गर्दै दियो मिडिया प्रालिले उच्च अदालतमा रिट दायर गरेको थियो ।

रिटमाथिको सुनुवाइपछि अदालतले काउन्सिलको अनुगमन र नियमनमा अवरोध नहुने आदेश जारी गरेको हो । काउन्सिलका तर्फबाट अधिवक्ताहरु अनन्तराज लुइँटेल, विकास भट्टराई, लीलाधर उपाध्याय, झविन्द्र भुसाल, कीर्तिनाथ शर्मा, विशाल थापा र प्रतिभा उप्रेतीले बहस गरेका थिए । यसअघि पनि उच्च अदालतले नेपाल आज डटकमलाई कालोसूचीमा राख्दै सूचीकरणबाट हटाउने निर्णयलाई विधिसम्मत भन्दै काउन्सिलका पक्षमा आदेश दिएको थियो ।

## मधेश...

सहभागी कांग्रेस र एमालेका मन्त्रीहरूले मुख्यमन्त्रीलाई काम गर्न नदिएको र नटेरेको आरोप लगाएका हुन् । प्रदेश प्रमुख सचिवसहित मन्त्रालयका सचिव र मन्त्रीले मुख्यमन्त्रीलाई नटेरेर सरकारलाई असफल देखाउन षडयन्त्र उनीहरूले गरिरहेको आरोप राउतको छ ।

कांग्रेसको नेतृत्वमा रहेको अर्थ मन्त्रालयले मंसिर महिनासम्म पीएलएमबीआईएस लक गरेर राखेको र यसबारे मुख्यमन्त्री सिंहले अर्थमन्त्री सुनिलकुमार यादवलाई सोध्दा कुनै सुनुवाइ नभएको आरोप पनि राउतको छ ।

बजेटमा राखेको दूरदर्शी, रोजगारमूलक तथा लोकप्रिय कार्यक्रम सफल भए भोलिका दिनमा आफूहरूलाई राजनीतिक घाटा हुने भन्दै कांग्रेस र एमालेले विभिन्न षडयन्त्र गरेर रोक्ने काम गरेको पनि अध्यक्ष राउतले शुक्रबार ८ बुँदे धारणा सार्वजनिक गर्दै आरोप लगाएका छन् ।

'ठूला दलका नेताहरूले जनमत नेतृत्वको सरकार ढाल्दै छौं भनेर हल्ला चलाउने, सचिवहरूलाई मन्त्रालयको कुनै काम अघि नबढाउन दबाब दिनेजस्ता काम गरेका छन्', राउतले भनेका छन्, 'विगतमा उपभोक्ता समितिमार्फत योजना खरिद-विक्री हुने गरेकामा यसपालि सरकारले टेन्डरमार्फत काम गर्न खोज्दा कांग्रेस र एमालेले नै विगतमा जस्तै उपभोक्ता समितिमार्फत काम गर्ने रणनीतिमा लागेका छन् ।'

तर, सरकार संचालनका साथै महत्वपूर्ण निर्णय लिंदा मुख्यमन्त्री सिंहले गठबन्धन दलसँग सल्लाह लिने नगरेको आरोप कांग्रेस-एमालेको छ ।

मधेश सरकारको नेतृत्वकर्ता दल जनमतले कांग्रेस-एमालेमाथि आरोप लगाएपछि सत्ता गठबन्धन दलबीच अविश्वास पैदा भएको कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव बताउँछन् ।

उनले मुख्यमन्त्री सिंहको अक्षमता ढाकछोप गर्न कांग्रेस-एमालेमाथि जनमतले आरोप लगाएको दाबी गरे ।

'मुख्यमन्त्री सिंह आफैंले काम गर्न सकेका छैनन्', यादवले भने, 'यस्तो अवस्थामा अध्यक्ष राउतले अरूलाई दोष देखाएर आफू चोखिन खोजेका मात्र छन् ।' मुख्यमन्त्री सिंहले काम गर्न नसकेको दोषारोपण कांग्रेस र एमालेमाथि लगाइएको उनले दाबी गरे ।

यादवले सत्ता साझेदार दलहरूमाथि सम्पूर्ण दोष देखाउने प्रवृत्तिले गठबन्धन नचल्ने चेतावनी पनि दिए ।

यस्तै, एमाले संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले पनि जनमतको अभिव्यक्ति अपरिपक्व राजनीतिको उपज भएको टिप्पणी गरे ।

अध्यक्ष राउतले आफूहरूमाथि लगाएको आक्षेप कपोलकल्पित रहेको उनले भने । 'उहाँले जुन आक्षेप लगाउनुभएको छ, त्यो निराधार र कपोलकल्पित हो', मन्त्री यादवले भने, 'हामीले सरकारलाई दिएको समर्थन फिर्ता लिने भनेका छैनौं ।'

गठबन्धनभित्रै समस्याको समाधान नखोजेर जनमतका अध्यक्ष राउतले सामाजिक संजालमार्फत टिप्पणी गर्नु उपयुक्त नभएको उनको भनाइ छ ।

'केही समस्या छ भने गठबन्धनभित्र बसेर समाधान खोजिनुपर्छ तर सरकारको नेतृत्व गरिरहेको दलका राष्ट्रिय अध्यक्षले यसरी प्रतिक्रिया दिनु दुःखद् हो', यादवले भने ।

तर, जनमत पार्टीका प्रवक्ता शरद्सिंह यादवले मधेश सरकारका विषयमा अध्यक्ष राउतले सार्वजनिक गरेको धारणा सरकारले भोग्दै आएको समस्या भएको दाबी गरे । उनले कांग्रेस र एमालेले सरकारको नेतृत्व पाउनका लागि मुख्यमन्त्रीलाई असफल बनाउन खोजेको दाबी गरे ।

'सरकारले राम्रो काम गर्दागर्दै त्यसलाई असफल बनाउने योजना कांग्रेस र एमालेको छ', यादवले भने, 'पार्टी अध्यक्षले दिएको सुझावलाई सकारात्मक रूपमा ग्रहण नगरी २ दल सरकार ढाल्ने प्रयन्तमा छन् ।' उनले मधेशमा सत्ता गठबन्धनमा खटपट आए केन्द्रीय गठबन्धनबाट जनमत बाहिरिने चेतावनी दिए ।

यसैबीच कांग्रेसका प्रदेश सांसद मो. समिमले काम गर्न नसकिए ठाउँ छाड्न मुख्यमन्त्री सिंहलाई चेतावनी दिएका छन् ।

बुधबार प्रदेशसभा बैठकमा बोल्दै सांसद समिमले गठबन्धनका नेताहरूमाथि राउतले काम गर्न नदिएको आरोप लगाएको सन्दर्भमा आपत्ति जनाउँदै भने, 'गठबन्धनकै साथीहरूको बुइ चढेर मुख्यमन्त्री बन्ने र गठबन्धनकै साथीहरूलाई लुटेरा र डाका भन्ने ? स्टन्टबाजी गर्ने ? काम गर्न सक्नुहुन्न भने ठाउँ छाडे हुन्छ', सांसद समिमले भने ।

## आरक्षणको...

राज्य व्यवस्था समितिलाई ११ वटा सुझाव दिएको छ । त्यसको एउटा विषय समावेशिता छ । त्यसमा पनि विपन्नताको आधारमा समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने उल्लेख छ ।

आरक्षणका आधार अर्थोपार्जन बनाइनुपर्ने तर्कका पछाडि सर्वोच्च अदालतले विगतमा गरेका फैसलालाई समेत राखिएको छ ।

४ वर्षअघि एउटा फैसलामा सर्वोच्च अदालतले आरक्षणबारे व्याख्या गरेको थियो, जसमा वर्गीय पक्षलाई पनि ध्यान दिएर आरक्षणको व्यवस्था गर्न सरकारलाई भनिएको छ ।

'आरक्षणसम्बन्धी व्यवस्थालाई वर्गीयता वा जातीयतामा नभई आवश्यकता केन्द्रित बनाएमा मात्र यसले संविधानको साध्य हासिल गर्न सक्छ', आदेशमा भनिएको छ, 'वास्तवमै गरिब, निमुखा र आफ्ना स्रोत, साधनले शिक्षा आर्जन गर्न नसक्ने वर्गलाई नै आरक्षणको छहारीभित्र ल्याउने र संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वर्गमा पर्ने तर सक्षमलाई बाहेक गरेमा मात्र यसले संविधानको लक्ष्यलाई पछ्याउन सक्छ ।'

संविधानको धारा १८ मा समानताको हक छ । उपधारा १ र २ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने भनिएको छ ।

उपधारा ३ मा भने विशेष व्यवस्था छ । संविधानअनुसार राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवालाई विशेष व्यवस्था छ ।

विशेष व्यवस्थाअन्तर्गत बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यसमेत पर्छन् । यीलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न सरकारलाई रोक लगाएको नमानिने संवैधानिक व्यवस्था छ । यही व्यवस्थाअनुसार सरकारले निजामती सेवामा आरक्षण दिँदै आएको छ ।

जाति, क्षेत्र र भूगोल जो पछाडि परेका थिए, ती वर्गको आर्थिक स्थिति राम्रो भएपछि आर्थिक रूपले विपन्नलाई राज्यका विभिन्न निकायमा आरक्षण रूपान्तरण गरिनुपर्ने संविधानको मर्म रहेको सर्वोच्च अदालतको फैसला छ ।

## नयाँ होइन....

र अन्य बक्यौता रकम भुक्तानी दिने, वित्तीय क्षेत्रका वास्तविक समस्याग्रस्त ऋणीहरूलाई सहजीकरण गर्ने, व्यापारिक उधारो नियमन गर्न कानुनको आवश्यकता रहेको सुझावमा उल्लेख गरिएको छ ।

अर्थतन्त्र सुधारका लागि पुँजीगत खर्चलाई प्रमुख प्रथामिकता राख्नुपर्नेमा जोड दिइएको छ । पछिल्लो समय सहकारीमा देखिएको समस्या सम्बोधन र कोभिड अगाडि राम्रो अवस्थामा रहेका व्यवसाय अझै समस्यामा रहेकाले सुधारका लागि १ वर्षसम्म कर्जा पुनर्तालिकीकरण गर्न अवसर दिनुपर्ने सुझावमा छ । यस्तै, घर जग्गाको बजार सिथिल रहेको र बैंकहरूको गैरबैंकिङ सम्पत्ति बढ्दै गएको सन्दर्भमा सार्वजनिक-निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक कानुन जारी गर्न आयोगको सुझाव छ ।

चालू आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न १० करोडभन्दा बढी रकम विनिजोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत अध्ययन गर्नुपर्ने सुझाव छ ।

सरकारले नेपाल सरकारका पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा. डा. रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन, नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल र निजी क्षेत्रमा प्रतिनिधि सम्मिलित आयोग गठन गरेको हो ।

## देशगत...

संस्थाले एकभन्दा बढी क्लस्टरमा तालिम संचालन गर्न वा तोकिएको क्लस्टर परिवर्तन गर्न चाहेको अवस्थामा आफूले संचालन गर्न चाहेको पूर्वाधार र प्रशिक्षकको योग्यता खुलाई कम्तीमा ७ दिन अगाडि नै निवेदन दिनुपर्ने प्रावधान तोकेको छ ।

विभागले हाललाई खाडी मुलुक, मलेसिया, जापान, दक्षिण कोरिया युरोप र अन्य गरी ६ वटा क्लस्टर तोकेको छ । अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतामले देशगत क्लस्टर तोकिएपछि अभिमुखीकरण तालिमका लागि संस्था खोज्दै हिँड्नुपर्ने कामदारको बाध्यता हटी सरलीकरण भएको टिप्पणी गरे ।

यसैबीच विभागले आइरिस रिकग्निसन सिस्टम लागू भएपछि केही संस्थाले बढी रकम लिएको गुनासो आएको भन्दै विभागले बढी शुल्क लिएको पाइएमा कारबाही गर्ने चेतावनी पनि दिएको छ । व्यवसायीहरूले लागत बढेकाले तालिमको शुल्क पनि सोहीअनुसार बढाउनुपर्ने धेरै अगाडिदेखि माग गर्दै आएका छन् ।

## विपीनको...

अवस्थाबारे जानकारी लिँदै हमासको नियन्त्रणबाट मुक्त गराउन पहल गर्न इजरायल सरकारसँग आग्रह गरेकी हुन् ।

हमासका लडाकुको समूहले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई अपहरणमुक्त गर्न लागेको भन्ने समाचार आएकाले जोशीको रिहाइलाई विशेष प्राथमिकतामा राख्न मन्त्री डा. राणाले राजदूत बासमार्फत इजरायल सरकारलाई आग्रह गरेकी हुन् ।

भेटका क्रममा राजदूत बासले हमासको नियन्त्रणमा रहेका वृद्धवृद्धा, महिला तथा बालबालिकासमेतको नाजुक स्वास्थ्य अवस्थामा रहेका नागरिकहरूको रिहाइका लागि इजरायल सरकारले केही महिनाअघि हमासलाई सूची पठाएको र पहिलो चरणमा उनीहरूलाई नियन्त्रणमुक्त गर्ने तयारी रहेको भन्ने सूचना आएको जानकारी गराए ।

२०२३ अक्टोबरमा इजरायली भूमिमा आक्रमण गरी प्यालेस्टाइनी हमास समूहले १० जना नेपालीसहित १ हजारभन्दा बढी व्यक्तिको हत्या गरेको थियो । त्यसलगत्तै उनीहरूले केही व्यक्तिलाई अपहरण गरेकामा विपीन जोशी पनि छन् ।

विपीनको रिहाइका लागि नेपाल सरकारले आफ्ना कूटनीतिक प्रयास जारी राखेको छ । संयुक्त राष्ट्रसंघ, विभिन्न अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चका साथै विभिन्न द्विपक्षीय एवं बहुपक्षीय बैठकहरूमा परराष्ट्रमन्त्री डा. राणाले अन्तर्राष्ट्रिय समुदायलाई विपीनको रिहाइका लागि पहल गरिदिन आग्रह गर्दै आएकी छन् ।

## ट्राफिकलाई...

पर्मिटबापतको कर, जाँच पास गराउने र तोकिएको रुटभन्दा बाहिर गए प्रतिकिलोमिटरको केही रुपैयाँ राज्यलाई राजस्व बुझाउनुपर्छ तर रातो नम्बर प्लेटका सवारीले ती सबै कर तिर्नुपर्दैन, जसले गर्दा राज्यलाई राजस्व घाटा हुने गरेको छ', ती कर्मचारीले भने ।

रातो नम्बर प्लेटका सवारीले भाडाका यात्रु बोक्दा कालो नम्बर प्लेट अर्थात् सार्वजनिक यातायातका सवारी धनी पनि मर्कामा पर्ने गरेका छन् । 'ठूलाबडा भनिनेहरूले रातो नम्बर प्लेटको सवारी भाडामा बढी प्रयोग गर्ने गरेका छन्, इज्जत र साखका लागि भए पनि अधिकांशले रातो नम्बर प्लेटका सवारी भाडामा प्रयोग गर्छन्, जसले गर्दा हामी वैधानिक भाडाका सवारी धनीहरू मर्कामा परेका छौं', एक यातायात प्रा. लि.का कर्मचारीले भने ।

रातो प्लेटका सवारी भाडामा प्रयोग गर्दा स्वयं यात्रुलाई पनि समस्या हुने गर्छ तर इज्जतका लागि भए पनि विभिन्न व्यक्तिले निजी सवारी नै भाडामा प्रयोग गर्ने गरेका छन् । उनले थपे, 'सार्वजनिक सवारी साधनमा यात्रुको बीमादेखि औषधि उपचारको व्यवस्था हुन्छ तर निजीमा यो कुनै व्यवस्था हुँदैन, जसले गर्दा यात्रु पनि असुरक्षित हुन्छन् । यसमा सम्बन्धित निकायले चासो दिन सकेको छैन ।'

इता, भिजिट कर्णाली यातायात प्रा. लि.का अध्यक्ष प्रकाशकुमार शाहीले नेपाल सरकारले सवारी साधन संचालनसम्बन्धी नीति सुधार गर्नुपर्नेमा जोड दिएका छन् । उनका अनुसार कर्णाली प्रदेशमा रातो नम्बर प्लेटका गाडीहरूको अत्यधिक प्रयोग भइरहेको छ ।

उनले यी गाडीहरू व्यक्तिगत प्रयोजनका लागि मात्र मानिने भएकाले सार्वजनिक यातायातको रूपमा उपयोग गर्दा यात्रु र गाडीधनी दुवैलाई समस्या हुँदै आएको बताए । अध्यक्ष शाही भन्छन्, 'रातो नम्बर प्लेटका गाडीहरूले कर्णाली प्रदेशका सबै जिल्लामा यात्रा गर्न पाउँछन् तर कालो नम्बर प्लेटका सवारी साधनले रुट पर्मिट नपाउँदा सीमित रुटमा संचालन गर्नुपरेको छ ।'

सुर्खेत यातायात कार्यालयले सार्वजनिक गाडीलाई रुट पर्मिट नदिएको उनको भनाइ छ । कर्णालीमा ५-७ सिट क्षमताका डबल क्याप गाडीहरू २ हजारभन्दा बढी संचालनमा छन् । यी गाडीहरूलाई कालो नम्बर प्लेटमा रूपान्तरण गर्न गाडीधनी तयार भए पनि सरकारको झन्झटिलो नीति र रुट पर्मिट नपाउने व्यवस्थाले उनीहरू रातो नम्बर प्लेटमै चलाउन बाध्य भएको शाहीको भनाइ छ ।

**यस्तो छ गण्डकी र कर्णालीबीचको भिन्नता**

गण्डकी प्रदेशमा रातो नम्बर प्लेटका गाडीलाई कालो नम्बर प्लेटमा रूपान्तरण गरी रुट पर्मिट दिइएको छ तर कर्णाली प्रदेशमा यस्तो व्यवस्था छैन । यो अन्यायपूर्ण नीति तुरुन्त सुधार गर्नुपर्ने यातायात प्रा. लि.को माग छ ।

रातो नम्बर प्लेटका गाडीहरूले यात्रुबाट मनपरी भाडा असुल गर्ने र कुनै दुर्घटना भएमा गाडीधनी मात्र जिम्मेवार हुने अवस्था रहेको अध्यक्ष शाहीले बताए । उनका अनुसार कालो नम्बर प्लेटका गाडीहरू सरकारले तोकेको नियमअनुसार संचालन हुने भएकाले यात्रुका लागि सुरक्षित हुने थियो ।

सरकारप्रति व्यवसायीको गुनासो

'यदि सरकारले रातो नम्बर प्लेटलाई कालो नम्बर प्लेटमा परिवर्तन गरी रुट पर्मिट दिएको भए कर्णालीका नागरिकलाई सस्तो, सुरक्षित र व्यवस्थित यातायात सेवा पाउने थिए', शाहीले भने ।

कर्णालीका अधिकांश जिल्लामा अझै बाटोघाटोको समस्या रहेका कारण पनि रातो नम्बर प्लेटका गाडी चलाउनुपर्ने बाध्यता रहेको गाडी चालकहरूले बताएका छन् । सरकारले कर्णालीका सवारी साधनका लागि सरल नीति लागू नगर्दासम्म यो समस्या समाधान हुने देखिँदैन । सुर्खेत यातायात कार्यालयका प्रमुख लक्ष्मीप्रसाद लामिछानेले रुट पर्मिट र यातायात व्यवस्थापनमा अपनाइने प्रक्रियाबारे जानकारी दिएका छन् ।

उनका अनुसार रुट पर्मिटसम्बन्धी निर्णय प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको एक समितिले गर्ने गर्छ । लामिछानेका अनुसार समस्याग्रस्त क्षेत्रहरूमा प्राविधिक टोली खटाएर सडकहरूको अवस्था मूल्यांकन गरिन्छ । 'सडक सुरक्षित छ कि छैन भन्ने मूल्यांकनपछि मात्र यात्रा संचालनको अनुमति दिन्छौं । त्यस्तो अवस्था उपयुक्त ठहरिएपछि प्रमुख जिल्ला अधिकारीमार्फत निर्णय लिने गरिन्छ', उनले भने ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी निरीक्षक वकिल सुनारले व्यक्तिगत सवारी साधनमा यात्रु बोक्ने प्रचलन रोक्न प्रयासरत रहेको बताए । उनले कालो नम्बर प्लेटका गाडीहरू संचालन गर्नुपर्ने नियम कार्यान्वयनमा चुनौती रहेको स्वीकारे ।

सुनारका अनुसार केही समयअघि ८-९ गाडी र तिनका चालकलाई ट्राफिक प्रहरी कार्यालयमा ल्याई आवश्यक कारबाहीका लागि सल्लाह दिइएको थियो । उनले रातो नम्बर प्लेटका गाडीहरूले यात्रु बोक्न नपाउने प्रावधानको पालना गर्न आग्रह गरेका थिए ।

इता, जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख शंकरहरि आचार्यले यातायातसम्बन्धी कुनै जानकारी नरहेको भन्दै जबाफ दिनबाट पन्छिए । उनले यातायात रुट पर्मिट र भाडा दर जस्ता विषयबारे यातायात कार्यालयले जबाफ दिनुपर्ने बताउँदै यसमा आफू अनभिज्ञ रहेको बताए ।

उमागौरी कृषि सहकारी प्रकरण

# अञ्जला कोइरालासँग १० लाख धरौटी माग



**काठमाडौं/मस–** प्रतिनिधिसभाको सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेल पत्नी अञ्जला कोइरालालाई १० लाख धरौटीमा रिहा गर्न मोरङ जिल्ला अदालतले आदेश दिएको छ ।

न्यायाधीश उद्धवकुमार भट्टराईको इजलासले अञ्जलालाई १० लाख धरौटीमा रिहा गर्न आदेश दिएको हो । अदालतको आदेशपछि उनी धरौटी तिरेर रिहा भएकी हुन् । सहकारी ठगीको अभियोगमा मुद्दा चलाइएपछि बुधबार अदालतमा उपस्थित भएकी उनलाई जिल्ला अदालतले थुनामा बस्नु नपर्ने गरी आदेश दिएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए ।

अदालतमा हाजिर भएपछि उनको बुधवार बयान लिइएको थियो । त्यसपछि सरकारी वकिल र अभियुक्त दुवैतर्फबाट बहस चलेको थियो ।

मोरङ धनपालथान गाउँपालिका- ४ मा रहेको उमागौरी कृषि सहकारी संस्थाको रकम अपचलन प्रकरणमा कोइराला २६ जनाविरुद्ध मुद्दा दायर भएको छ । सहकारीमा अन्जला २०७२/०७३ देखि सञ्चालक समितिमा थिइन् । २२ करोड २८ लाख २७ हजार ७०० रकम अपचलन भएको दाबी अभियोगपत्रमा गरिएको छ ।

अञ्जलाका तर्फबाट बुधबार ९ जना वरिष्ठ अधिवक्तासहित ११ जनाले बहस गरेका थिए । यस मुद्दामा रंगेली- २ का वडाध्यक्ष सन्तलाल खवास यसअघि नै धरौटीमा रिहा भइसकेका छन् । अध्यक्ष शम्भु रौनियारसहित २४ अभियुक्त फरार छन् ।

त्यसअघि भएको बहसमा मोरङ जिल्ला अदालतका न्यायाधीश उद्धवकुमार भट्टराईको इजलासमा अभियोग पत्रमा उल्लेख भएका केही विषयलाई सरकारी वकिललाई न्यायाधीशले प्रस्टयाउन भनेका थिए ।

कोइरालाको तर्फबाट बहस गरेका कानुन व्यवसायीले जति कसुर गरेको हो, त्यति मात्र सजाय हुनुपर्नेमा गोलमटोल अभियोग लगाइएको तर्क गरे ।

भगीरथ खनाल एन्ड एसोसिएट्सको लेखापरीक्षण प्रतिवेदनमा कुनै पनि ठाउँमा अन्जलाले रकम अपचलन गरेको भन्ने नदेखिएको, २० जनाको जाहेरीमा कहींकतै पनि अञ्जलाको विरुद्धमा किटानी नभएको तथा १९ जनाले गरेको कागजमा समेत नदेखिएकाले सहकारीको रकम हिनामिना तथा अपचलनमा अञ्जलताको कुनै संलग्नता नरहेको दाबी उनका कानुन व्यवसायीले गरेका थिए । 'कुनै पनि कम्पनीको शेयर भनेको लगानीकर्ता हुन्, लगानीकर्ताको डुबेको रकममा अरूको दायित्व नहुने भएकाले दाबी नै गलत' भनी उनका वकिलले जिकिर गरे ।

# 'गैरआवासीय नेपाली नागरिकता कार्यान्वयन छिटो होस् भनेर गृहकार्यमा छौं'



**काठमाडौं/मस–** कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरासियाले संसदको आगामी (हिउँदे) अधिवेशनबाटै गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनमा रहेका जटिलता सम्बोधन हुने बताएक्ष छन् । गैरआवासीय नेपाली संघका अध्यक्ष डा.बद्री केसीको नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटका क्रममा मन्त्री चौर सियाले संविधानले नै निर्देश गरे अनुसारको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनमा हाल देखा परेका जटिलता सम्बोधन गर्ने गरी संसदमा लैजाने गृहकार्य भइरहेको बताए ।

उनले भने, 'गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयन जतिसक्दो छिटो होस् भनेरै हामी गृहकार्यमा छौं, यस सम्बन्धमा के कसरी अघि बढ्ने भनेरै गृहमन्त्रालयसहित अन्य सरोकारवाला मन्त्रालयसँग हामीले छलफल गरिरहेका छौं ।'

यसअघि संघका अध्यक्ष डा.बद्री केसीले संविधानको धारा १४ मा प्रष्ट व्यवस्था भएको समाजिक, सांस्कृतिक र आर्थिक अधिकार सहितको गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने भन्ने भावना अनुसार नगारिकता प्रदान गरिसकिएको भएपनि त्यसको कार्यान्वयन नभएकोले राजनीतिक अधिकार बाहेक सम्पूर्ण अधिकार नेपाली नागरिक सरह नै प्रयोग गर्न पाउने गरी कानुनी प्रक्रिया अघि बढाइदिनहुनको लागि अनुरोध गरेका थिए ।

अध्यक्ष डा.केसीले गैरआवासीय नेपाली परिचपत्र लिएका नेपालीहरुलाई गैरआवासीय नेपाली नागरिक सरह पाउने अधिकारको व्यवस्थाको लागि पहल गरिदिन पनि अनुरोध गरे । उक्त अवसरमा अध्यक्ष डा.केसीले पुस्तौंदेखि विदेशी नागरिक भएर विभिन्न मुलुकमा बसेका नेपाली मूलका व्यक्ति र परिवारलाई नेपाली भएको पहिचान खुल्ने परिचयपत्र सम्बन्धमा पनि ध्यानाकर्षण गराएका थिए ।

जवाफमा मन्त्री चौरसियाले भने, 'पुस्तौंदेखि सार्कबाहेकका मुलुकमा बस्दै आएका नेपाली, जसले ती मुलुकमा नेपाल, नेपाली भाषा, र संस्कृतिको जगेर्ना गर्दै आएका छन्, उनीहरूले राख्दै आएको मागबारे सकारात्मक छलफल भइरहेको छ । उहाँहरूले नेपाली मूलको हुँ भन्ने परिचय माग्दै आउनुभएको छ, त्यस्तो परिचयपत्र दिन आवश्यक पर्ने कानुनी प्रावधानबारे हामी छलफलमा छौं । र झण्डै एक दर्जन विधेयक संसदमा लैजाने तयारी भइरहेको छ ।'

सो अवसरमा संघका तर्फबाट गैरआवासीय नेपाली नागरिकता बहाल व्यक्तिलाई भिसा लिनु नपर्ने र भिसाको म्याद अवधि सकिएकाले पनि थप गरिरहनु नपर्ने विषयका लागि मन्त्रालयमार्फत अध्यागमन विभागद्वारा कार्यान्वयनको लागि पहल गरिदिन, गैरआवासीय नेपाली नागरिकलाई सवारी साधन खरिद र सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि आवश्यक कानून निर्माणका लागी पहल गरिदिन, नेपाली नागरिक सरह गैरआवासीय नेपाली नागरिकले समेत नेपालमा कम्पनी दर्ता, सञ्चालन, व्यवस्थापन र खारेज गर्न पाउने व्यहोरा सहित कम्पनी रजिष्ट्रारको कार्यालयलाई परिपत्र गरिदिन, नेपाल सरकारद्वारा जारी गरिएको नेपाली परिचयपत्र लिएका गैरआवासीय नेपालीहरुलाई स्वदेश भित्र हवाई यात्रा गर्दा विदेशी नागरिक सरह व्यवहार गर्ने भएको हुनाले उनीहरुलाई नेपाली नागरिक सरहको हवाई यात्राको सुविधाका लागि कानुनी रुपमा सहजीकरण गरिदिन समेत अनुरोध गरिएको छ ।

जवाफमा मन्त्री चौरसियाले यी सबै विषयबस्तु समेट्ने गरी झण्डै एक दर्जन विधेयक संसदमा लैजाने तयारी भइरहेको बताए । सो अवसरमा मन्त्रालयका तर्फबाट सचिव उदयराज सापकोटा सहसचिव अरुणा जोशी समेत सहभागी थिए । यस्तै संघका सहकोषाध्यक्ष कृष्ण तिमिल्सेना प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत र सूचना तथा वैदेशिक रोजगार अधिकृत इन्द्रलक्ष्मी घिमिरेको उपस्थिति रहेको थियो ।

सूर्यदर्शन सहकारी ठगी प्रकरण

# प्रतिवादीहरूका तर्फबाट बहस सकियो

**काठमाडौं/मस–** सूर्यदर्शन सहकारी ठगी प्रकरणमा प्रहरी हिरासतमा रहेका प्रतिवादीहरूको बहस सकिएको छ । कास्की जिल्ला अदालतमा १६ पुसदेखि न्यायाधीश नितिज राईको इजलासमा उनीहरूको थुनथेक बहस भएको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति गृहमन्त्री रवि लामिछाने, नेपाल प्रहरीका पूर्व डीआईजीसमेत रहेको गोर्खा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक छविलाल जोशी, गोर्खा मिडिया नेटवर्कका अध्यक्ष जिबी राईलगायत उक्त मुद्दामा मुछिएका छन् । रवि, छवि र जिबीलगायतलाई सहकारी ठगीमात्रै नभएर सम्पत्तिशुद्धीकरण र संगठित अपराधमा पनि मुद्दा चलाइएको छ ।

जाहेरवालाका तर्फबाट बुधबार नै जवाफी बहस सुरु भएको छ । सरकारी वकिलका तर्फबाट जवाफी बहस सकिएपछि आरोपीहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटीमा छाडेर मुद्दा अघि बढाउने भन्ने आदेश आउनेछ ।

त्यसपछि प्रतिवादीहरूलाई धरौटीमा छाड्ने वा थुनामा पठाउने भन्ने आदेश आउने छ । आदेश बिहीवारसम्म आउन सक्ने जनाइएको छ ।

सहकारी ठगीमा ३१ जनालाई प्रतिवादी बनाइएको छ। उनीहरूबाट एक अर्ब ५१ करोड ४० लाख रुपैयाँभन्दा बढी बिगो माग गरिएको छ ।

उनीहरूविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा दायर भएको छ । रविसहित १९ जनालाई संगठित अपराध, ४ जनालाई सम्पत्ति शुद्धीकरण र २ जनालाई क्रिप्टोको कसुरमा मुद्दा छ । रवि पत्नी निकितासहित ५ जनालाई सम्पत्ति जफतका लागि प्रतिवादी बनाइएको छ ।

# इजाजतपत्र नवीकरण नगर्ने संस्थालाई कारबाही गर्ने तयारीमा मन्त्रालय



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले इजाजत पत्र नवीकरण नगरेका स्वास्थ्य संस्थाहरुलाई अनुमति लिनका लागि सूचना जारी गरेको छ ।

मन्त्रालयले निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक अस्पताल र स्वास्थ्य संस्थाहरुका नाममा परिपत्र गर्दै इजाजत पत्र नवीकरण गराएर मात्र सञ्चालन गर्न सूचित गरेको हो ।

कतिपय गैरसरकारी तथा सामुदायिक स्तरबाट सञ्चालित संस्थाहरु नवीकरण बीना सञ्चालनमा आएको उजुरी पछि मन्त्रालयले परिपत्र गरेको हो । इजाजत नवीकरण नगरेका केही संस्थाहरु मापदण्डअनुसार समेत नचलेको उजुरी मन्त्रालयले प्राप्त गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य संस्थाहरुले मापदण्ड पालना गरेको सुनिश्चित गर्न अधिकारीहरुलाई भनेका थिए । जनस्वास्थ्य सेवा नियमावलीमा इजाजतपत्र नलिई स्वास्थ्य सेवा उपलब्ध गराउन नपाइने व्यवस्था भए पनि कतिपयले नलिएको उजुरी प्राप्त भएकाले नवीकरणका लागि पत्राचार गरेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । मन्त्रालयले इजाजत पत्र नवीकरण नगरी सञ्चालन भएका स्वास्थ्य संस्थाको अनुगमन गरी नियमानुसार नभएको पाएमा कारबाही गर्ने समेत प्रवक्ता बुढाथोकीले बताए ।

# चितवनमा जलपक्षी गणना गर्न ५३ गणक



**काठमाडौं/मस–** जलमा आश्रित चराको गणना चितवनमा सुरू भएको छ । प्रत्येक वर्षको ४ जनवरीदेखि सुरू हुने चरा गणना यस पटक भने ६ जनवरीदेखि सुरू भएको हो । यो समयमा बाहिरबाट जलपक्षीहरू आउने र जाडो सकिएपछि फर्कने गर्दछन् ।

जलपक्षी गणना चितवनको पटिहानी-२२ घडगाईदेखि गोलाघाटसम्म र माडीको बगई पुलदेखि रिउ दोभान सम्म ३६ किलोमिटर सम्म गरिने पश्चिम चितवन क्षेत्र चरा गणनाका सयोजक मनेश कुमार लिम्बूले बताए ।

त्यस्तै जल आश्रित चरा गणना चितवनको नारायणी नदी राप्ती नदी र सिमसार क्षेत्रमा गर्ने गरिएको उनले जनकारी दिए । राप्ती नारायणी नदीको दिब्यनगर र माडी क्षेत्रमा चरा गणनाका लागि ५३ जना गणकहरू खटिएका छन् ।

पानी चरा उत्तरी क्षेत्र साईबेरीया, रसिया, तिव्वत, मंगोलिया लगायतको देशहरूबाट आउने गरेका छन् । गत वर्षको गणनामा ४७ प्रजातीको पानी चरा भेटिएका थिए । चरा गणना १९ जनवरीसम्म चल्ने छ ।

गतवर्ष कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन, बाँके, बर्दिया शुक्लाफाँटा, रारा राष्ट्रिय निकुञ्जहरू, काठमाडौं, पोखरा, लुम्बिनी, बिसहजारी ताल, घोडाघोडी, जगदीशपुर लगायतका क्षेत्रहरूका साथै देशका विभिन्न तालतलैया र सिमसार क्षेत्रहरूमा गणना गरिएको थियो ।

गतवर्ष देशभरका १८ प्रमुख सिमसारक्षेत्रहरू अन्तर्गत ८४ वटा साना क्षेत्रहरूमा गरिएको जलपन्छी गणनामा ७९ प्रजातिका ६३,९०० जलपक्षीहरू रेकर्ड भएका थिए । गणना गरिएका क्षेत्रमध्ये ६ वटा रामसारमा सूचीकृत सिमसारक्षेत्रहरू पनि थिए । गणनामा ४०२ स्वयंसेवकहरू सहभागी थिए ।

सन् १९८७ देखि नेपालमा नियमित रूपमा एशियाली जलपन्छी गणना हुँदै आएको छ । यसले यहाँको जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको पन्छीविद् हठन चौधरी बताउँछन् ।

उत्तरी ध्रूव, रूस, चीन, मंगोलिया लगायतका ठण्डा क्षेत्रबाट हजारौंको संख्यामा हाँस, जलेवा, गंगाचीललगायतका चराहरू जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा नेपालको विभिन्न ताल, तलैया, नदी र जंगलमा आउँछन् ।

उत्तरी ध्रूवमा हिउँ परेर तापक्रम निकै चिसो हुने भएकाले चराहरू बाँच्नका लागि अनुकूल तापक्रमको खोजीमा नेपाल आउँछन् ।

नेपालका ताल, तलैया, नदीमा माछा, किरा, फट्याङ्गा जस्ता खानेकुरा प्रचुर मात्रामा पाइने र विभिन्न संरक्षित क्षेत्रहरूमा शिकारीबाट बच्न सुरक्षित बासस्थान उपलब्ध हुने भएकाले यहाँ चराहरूको लागि अनुकूल वातावरण रहेको मध्य चितवनको चरा गणनाका संयोजक मनेष लिम्बुले बताए ।

जलपन्छी गणना नेपालको सबैभन्दा लामो समयसम्म चल्दै आएको नियमित वन्यजन्तु अनुगमन कार्यक्रम हो। यसको समन्वय वेटलेण्ड इन्टरनेशनलले गर्दै आएको छ ।

यस वर्षको गणनाको प्रारम्भिक नतिजा आगामी २ फेब्रुअरीमा विश्व सिमसार दिवसको अवसरमा सार्वजनिक गरिनेछ ।

Vacancy Announcement
A leading foreign recruitment agency is seeking the following position urgently.
Public Relation Officer(PRO) - 3(Male/Female)
5 Years Job Experience in Related Field of Manpower.
SALARY - NEGOTIABLE
EMPOWER H.R SOLUTION PVT. LTD. Gov. Lic No. 1708/081/082
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265,
Email: empowerhrsolution28@gmail.com, Phone No: +977 981-9063243

भावपूर्ण श्रद्धाञ्जली
जन्म मिति: वि.स. २०४२ भाद्र ३१ गते
स्वर्गारोहण: वि.स. २०८१ पुस १३ गते
स्व. रन्जु भट्टराई रिजाल
यस अक्टोपस ओभरसिज प्रा.लि.का संचालक श्री अर्जुन रिजालकी धर्मपत्नी **रन्जु भट्टराई रिजाल**को ३९ वर्षको अल्पायुमै असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।
अक्टोपस ओभरसिज प्रा.लि.
परिवार
तिनकुने, काठमाडौं ।

Province Government
Ministry Of Physical Infrastructure Development
Urban Development and Building Office
Dhankuta, Koshi Province, Nepal

A. INVITATION FOR RE-BID

Date of publication : 25 Poush 2081 ( 09 Jan, 2025)

Urban Development and Building Office, Dhankuta invites E-Bid From Eligible bidder's for following works under National competitive bidding (NCB) Single Stage Single Envelope System Bidding Procedure. Bidder's may obtain further information from the PPMO web Portal www.bolpatra.gov.np/egp with Public Entity Name :- Urban Development and Building Office, Dhankuta and website https://udbodhankuta.koshi.gov.np/.

| S. N. | Contract ID. | Description of works | Est. Amount (Without Vat) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | UDBO/Dhankuta/NCB/Works/060-2081/82 | Walakha Old is completed Sipak Ekwa Khola Pawla Ward no. 5 Link Road Upgradation, Amchok | 1,452,998.80 | 45,000.00 | 3,000.00 | 11 Magh 2081 (2025-01-24) At 12:00 | 11 Magh 2081 (2025-01-24) At 13:00 |
| 2 | UDBO/Dhankuta/NCB/Works/061-2081/82 | Construction of Concrete Road on Bibibare Bazar Dharmadevi | 1,709,289.22 | 45,000.00 | 3,000.00 | | |
| 3 | UDBO/Dhankuta/NCB/Works/063-2081/82 | Construction & Upgradation of Pulung-Karki Gaun-Khamare-Kilisalapi Road. | 1,708,460.70 | 45,000.00 | 3,000.00 | | |

मध्यान्ह
www.madhyanhadaily.com
२५ पुस २०८१ बिहीबार
9 January 2025, Thursday

## सम्पादकीय

# ठगीको भयावह रूप

नेपाल जस्ता विकासशील देशहरूको विडम्बना छ– रोजगारीको समस्या। सामान्य जीविकोपार्जनका लागिसमेत धेरै नेपालीले उद्यम गर्ने अवस्था छैन भने राज्यले दिने 'जागिर'को कल्पना कल्पनाबाहिरको कुरा बन्दै गएको छ । राजनीतिक अस्थिरता र अविकासको मारमा परेका नेपाली हजारौं रूपैयाँ ऋण जन्मिँदै थाप्लोमा बोकेर जन्मिन थालेका छन् । राष्ट्रलाई परेको ऋण नागरिकले बेहोर्नुपर्ने बाध्यता एकातिर छ भने अर्कातिर आफ्नो र परिवारको भरण पोषण, शिक्षादीक्षा र स्वास्थ्य उपचारका आधारभूत कार्यका लागिसमेत अर्थोपार्जन अत्यावश्यक छ। यस्तो बेला वैदेशिक रोजगारी उपयुक्त विकल्प बन्नु अन्यथा होइन । निकै अघिदेखि नेपालीहरू छिमेकी भारतलगायत देशमा रोजगारीका लागि जाने गरेका हुन्। पछिल्लो समय संचार र यातायातको विकाससँगै विश्वका अतिसम्पन्न र विकसित भनिएका देशहरूसम्म नेपाली रोजगारीका लागि जान थाले। यसलाई अन्यथा मान्नुपर्ने होइन ।

तर, हामीले हाम्रो राज्यको कमजोरीका कारण अथवा हाम्रा राज्य संचालक, राजनीतिक नेतृत्वका कारण स्वदेशमै त्यो विदेश जाने जनशक्ति वा श्रमशक्तिलाई रोक्न नसकेका त होइन ? जसका कारण देश विकासका लागि भएको जनशक्ति कम मूल्यमा बढी श्रम गर्न विदेशिन बाध्य छ भने वैदेशिक रोजगारीकै नाममा लाखौं रूपैयाँ ठगीमा समेत पर्दै आएको छ । भर्खरै वैदेशिक रोजगारीमा युरापेली मुलुक पोल्यान्ड पठाउने भन्दै ८० लाख रूपैयाँभन्दा बढी ठगी भएको खबर छ। प्रहरीले सप्तरीको विष्णुपुर गाउँपालिकाका कृष्ण यदुवंशी र गोरखाको सुलिकोटका ३७ वर्षीय राजेश बरामलाई उक्त ठगीको उजुरीका आधारमा पक्राउ गरेको छ । युरोप, अमेरिकालगायतका सम्पन्न मुलुकमा वैदेशिक रोजगारीका लागि पठाइदिने नाममा नेपालीलाई नेपालीले नै ठगी गर्ने प्रवृत्ति बढेको देखिन्छ ।

चालू आर्थिक वर्षको ५ महिनामा मात्र करिब ४ हजार १०० वटा वैदेशिक रोजगारीका ठगीका उजुरी दर्ता भएका छन् । ठगीको यो रूप सामान्य होइन । म्यानपावरबाट भन्दा व्यक्तिगत रूपमा हुने यस्तो ठगीको न आधार, न त प्रमाणको अवस्था हुने हुँदा पीडितहरूले न्याय पाउने अवस्था पनि कमजोर हुन सक्छ। यस्ता ठगीबाट जोगिन पहिलो कुरा त व्यक्ति स्वयं सजग र सचेत हुनु आवश्यक छ। विदेश पठाइदिन्छु भन्दैमा उक्त व्यक्तिको यथार्थ नबुझी लहैलहैमा पछि लागेर मोटो रकम बुझाउनु आफैंमा कमजोरी हो । सँगसँगै राज्य तहबाट पर्याप्त सचेतता जगाउने कार्य गर्न तथा यस्ता ठगीमा संलग्नहरूमाथि कडा कारबाहीका प्रावधानसहित नियन्त्रण गर्न पनि जरूरी छ ।

# छिमेक सम्बन्ध र चीन

अग्रलेख



● श्रीविलास दाहाल

नेपालका धेरै प्रधानमन्त्रीले चीन भ्रमण गरिसकेका छन् । तर, स्व. विश्वेश्वरप्रसाद कोइराला जस्तो स्मरणीय भ्रमण कसैको भएको छैन भन्दा अत्युक्ति नहोला, जुन भ्रमणले नेपाल र चीनबीचको सम्बन्धमा समसामयिक समस्या र अविश्वासका धेरै पर्खाल तोडेको थियो । कम्युनिस्ट नेता माओका अगाडि प्रजातान्त्रिक नेता बीपी भारी पर्न पुगेका थिए ।

उत्तरतिरको नेपालको सीमाको सन्दर्भमा खास समस्या छैन तर दक्षिणतिरबाट हामी ढुक्क छैनौं । भन्नलाई त खुला सीमा छ तर नेपालतिर मात्र हो, भारततिर छैन । नेपाली मूलका बहुल भएको सिक्किम जान अनेक झन्झट बेहोर्नुपर्छ ।

चीनका धेरै छिमेकी छन्, कोही प्रत्यक्ष सीमा नभए पनि प्रभावमा रहेका । श्रीलंका र माल्दिभ्स आदि । श्रीलंका समुद्री बन्दरगाह भर्खरै विवादमा आएको थियो। अरुणाञ्चल प्रदेशमा चीनको अझै दाबी छ। तिब्बतलाई भारतले चीनको भनी स्वीकार गरेपछि अरुणाञ्चल तिब्बतकै भाग हो भन्ने दाबी चीनको छ ।

अन्य छिमेकीहरूमा उसका समान मापदण्ड छैनन् । बर्मा अर्थात् म्यानमारमा उसको दोहोरो मापदण्ड छ । विद्रोहीहरूलाई पनि हतियार दिने, सैनिकलाई पनि हतियार बेच्ने, प्राकृतिक सम्पदा दोहन गर्ने, कमसल चाइना सामान सप्लाई गर्ने ।

अब आएर विद्रोहीहरूको उपद्र र अशान्ति चीनको सीमाभित्र पर्न थालेपछि चीन विद्रोही र सेनाबीच मध्यस्थताको प्रयास गर्न थालेको छ। चीन र बर्माको सीमा शहर लास्सा, बर्मा विद्रोहीको कब्जामा आएपछि चीन अहिले सैनिक सरकार र विद्रोहीबीच मध्यस्थताको प्रयास गर्दै छ।

स्मरणीय कुरा के छ भने, चीनले वर्षौंदेखि छिमेकी बर्मा (म्यान्मा) रेलमार्गमा ठूलो लगानी गर्दै आएको छ। विशेषगरी समुद्री बन्दरगाह, तेल तथा प्राकृतिक ग्यास आदिमा लगानी गरिरहेको छ। रोहिंग्या मुसलमान विस्थापित हुनुमा त्यहाँको प्राकृतिक ग्यासको कारण नै हो । चीनले त्यहाँको ग्यास पाइपलाइनबाट चाइना पुऱ्याएको छ। त्यसको सिकारचाहिँ बंगलादेश भयो । हसिना विस्थापित भइन् ।

बर्मा अर्थात् म्यान्मातर्फ चीनको २ हजार किलोमिटर सिमाना जोडिएको छ। त्यो पनि दक्षिण सिमानामा। उत्तरमा अप्ठ्यारा भारतका प्रान्तहरूसँग जोडिएको छ । मणिपुर, नागाल्यान्ड, मिजोरम, त्रिपुरा आदि प्रमुख हुन् । बर्मामा भारतको लगानी नगण्य छ । चीनले भने सन् १९८० देखि नै बर्मामा लगानी गरिरहेको छ । तेल, ग्यास, मार्केट सबै चीनकै स्वामित्वमा छ। आश्चर्य के छ भने, चीनले आङसाङ सुकीको निर्वाचित सरकारलाई सेनाले विद्रोह गरेर हटाएकामा चीनले न समर्थन गऱ्यो, न त निन्दा ।

चीन, बर्मा सीमाका क्षेत्रमा प्रजातन्त्रको पुनर्स्थापनाका लागि संघर्षरत स्वतन्त्र सशस्त्र समूह र सुकी समर्थक सक्रिय हुन थालेपछि त्यो संघर्ष चीनको सीमा क्षेत्रभित्र प्रवेश गर्न थालेपछि मात्र चीनको चिन्ता बढ्यो । चीनका राष्ट्रपतिका टिमका शीर्ष कूटनीतिज्ञ वाङ यीले बर्माका सैनिक प्रमुखलाई भेटी आङसाङ सुकीलाई रिहाइ गरी लोकतन्त्र बहाली नगरे बर्मामा शान्ति हुँदैन भन्ने सल्लाह दिएको समाचार आएको छ ।

अब के हुने हो थाहा छैन । चीनको चिन्ता बर्माको लोकतन्त्र र सुकीको गिरफ्तारीभन्दा चीनका दक्षिण र पश्चिम प्रान्तहरूमा जुन ८०० किलोमिटर लामो तेल र ग्यासका पाइपलाइन छन्, ती ध्वस्त नहुन् भन्ने हो । उसले निर्वाचित सरकारलाई अपदस्थ गर्दा जनरल नेविनको साथ दिएको थियो । सेनालाई ह्यान्डल गर्न सजिलो थियो । सुकीको प्रजातन्त्रको लहरले बर्मामा जागरण आएको छ ।

नेपालको कुरा गरौं, तिब्बतका कारण चीन नेपालसँग जहिले पनि सशंकित र सतर्क रहन्छ। तिब्बतसँग जोडिएका सबै कुनै पनि व्यक्तिलाई नेपालमा गतिविधि गर्नसमेत रोक्न खोज्छ । तिब्बती शरणार्थी, दलाई लामा, उसका नाकका रौं भएका छन् । अमेरिकी राष्ट्रपतिहरूले नेपालमा खुट्टा टेकेका छैनन् तर चीनका राष्ट्रपति नेपाल आइरहेका छन् ।



*हामीले छिमेक देशले देखाउने सौहार्द्रतालाई पनि उपयोग गर्न सकेका छैनौं । भारत वा चीनलाई सीता र भृकुटी वा अरनिको भनेर पुग्दैन । हामी अब नयाँ शैलीमा सम्बन्ध विकासतर्फ जुट्नुपर्छ...*

चीनले नेपाललाई माया गर्छ, भृकुटीका नाताले होस् वा अरनिकोका नाताले होस् अथवा बीपी र माओको दोस्तीका नाताले होस्, गरिबीकै नाताले किन नहोस्, सहयोग पनि गरेको छ। अरनिको राजमार्ग बन्दा भारतले विरोध गरेको थियो । तत्कालीन प्रधानमन्त्री मोरारजी देसाई र विदेशमन्त्री अटल बिहारीको काठमाडौं भ्रमणपछि भएको हायात होटलको पत्रकार सम्मेलनमा मोरारजी देसाईले चीनका सामान नेपालबाट २ नम्बरी भएर भारत जान्छन् भनेकै हुन्। त्यतिखेर चाइनाका सामान भनेपछि भारतीय हुरुक्कै हुने ।

चीनले बनाइदिएको पहिलो कोदारी राजमार्गको पनि भारतले त विरोध गरेकै हो । उसले त उत्तरमा सीमाचौकी राखेकै हो । राजा महेन्द्रको राष्ट्रवादले प्रजातन्त्रलाई निमोठे पनि भारतसँगको निर्भरता र असमान व्यवहारलाई जबाफ त दिएकै हुन्। अहिलेको चीन सिद्धान्त, विचार र आर्थिक सहयोगका विषयमा धेरै सतर्क छ । उसले त्यत्रो शक्तिशाली रुस टुक्रा-टुक्रा भएको देखेको छ । चीन र भारतलाई पनि पुँजीवादी देशले टुक्रा-टुक्रा नपार्लान् भन्न सकिन्नँ। यताका घटनाले श्रीलंका, बंगलादेश, अफगान, सिरिया जस्ता घटना भएका छन्, ती सामान्य होइनन् ।

चीनले धेरै लामो सोचेर यो 'बेल्ट एन्ड रोड'को धारणा अघि सारेको छ । छिमेकी मंगोलिया भूपरिवेष्टित भएकाले बेल्ट र रोड दुवैबाट नै राम्रो फाइदा लिएको छ भने सुनिन्छ। नेपालमा कोदारी राजमार्ग नै हो, जुन रोडमा नेपालले फाइदा लिएको छ ।

रिङ रोडको दोस्रो चरण अहिलेसम्म सुरसार भएकै छैन। पहिलो चरण पनि हाम्रै लापरबाही र अनेक झिना मसिना, बिजुलीका पोल तार, अधिग्रहण गरिने जग्गाका झमेला, अनेक कारणले पूरा हुन सकेको छैन । कतिपय ट्रली बस कवाडी बनाएर पचाइसकेको अवस्था छ । चाइनालाई चसक्क दुखेकै होला ।

रोडको हालतपछि अब बेल्टको कुरा गरौं । एउटा बधशालाको सानो बेल्टको कुरा गरौं । राम्रै गरेको थियो। मासु, छाला, हड्डीका बटम आदि बनाउँथ्यो चाइना कम्पनीले। राम्रै राजस्व तिर्ने कम्पनी बन्द भयो। नेपालमा जनकपुर चुरोट कारखानालाई बेल्ट बनाएर पहिले सुर्ती खेती गर्ने किसानलाई जगाउने हो भने एउटा सिगरेटको राम्रो बेल्ट बन्न सक्छ।

यस्तै, सिमेन्टको प्रचुर सम्भावना छ तर सिमेन्ट कारखानाको हालत बिजोग छ । निजी सिमेन्ट कम्पनी एकाध आएका छन्, तिनको पनि हालत स्पष्ट छ । विराटनगरको त्यत्रो जुट मिलको कथाव्यथा कसलाई थाहा छैन र ?

हाम्रो त चाइनासँग बेल्ट र रोड दुवैमा सहयोग लिन सकेमा सम्पन्नताको सिँढी चढ्ने सम्भावना प्रचुर छ । हाम्रा स्रोत र साधनलाई उचित प्रयोग गर्ने वातावरण बन्न सक्छ । जनतालाई सम्पन्न बनाउन सकिन्छ ।

चीनलाई थाहा छ, रुस जस्तो शक्तिशाली देशलाई अमेरिकाले टुक्रा-टुक्रा बनायो। ट्रम्पको शासन त सुरु भएकै छैन, उत्तर कोरियाका युवा नेतालाई सिंगापुरको टापुमा पुऱ्याएर दोस्ती गरिसकेका छन्। अमेरिकाको मुख्य व्यापार त युद्ध हो। मध्यपूर्वको अवस्था हेरे स्पष्ट भइन्छ। इराक होस् वा सिरिया, युक्रेन होस् वा प्यालेस्टाइन, सबै अमेरिकाको व्यापार हो। हालै बंगलादेशकी प्रधानमन्त्री पनि भाग्ने अवस्थामा पुगिन्। हामी नेपाली कस्तो स्थितिमा छौं ? चीन, भारत र पाकिस्तान ३ वटा देशसँग अणुबम छ। भारतमा अणुबम प्रहार भयो भने भारतीय शरणार्थी हामी रोक्न सक्छौं त ? चीनतिरबाट त ओइरो नलाग्ला ?

नेपालका धेरै प्रधानमन्त्रीले चीन भ्रमण गरिसकेका छन्। अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि हालै राम्रै सम्मान र भेटघाट पाए। टंकप्रसाद आचार्य र केआई सिंहले पनि पाएका थिए। शेरबहादुर देउवालाई त ठूला उद्योगहरूको भ्रमण गराएर बैंककसम्म चाइनाले आउने व्यवस्था नै गरेको थियो ।

यद्यपि, हामीले छिमेक देशले देखाउने सौहार्द्रतालाई पनि उपयोग गर्न सकेका छैनौं। भारत वा चीनलाई सीता र भृकुटी वा अरनिको भनेर पुग्दैन। हामी अब नयाँ शैलीमा सम्बन्ध विकासतर्फ जुट्नुपर्छ।

## इतिहासमा आज

९ जनवरी १७१८ मा फ्रान्सले स्पेनविरुद्ध युद्धको घोषणा गरेको थियो ।



९ जनवरी १९१४ मा भारतीय स्वतन्त्रता संग्रामका लागि महात्मा गान्धी दक्षिण अफ्रिकाबाट भारत फर्किएका थिए ।



९ जनवरी १९४१ मा युरोपेली देश रोमानियाको राजधानी बुखारेस्टमा ६ हजार यहुदीको हत्या भएको थियो ।



९ जनवरी २०११ मा इरान एयरको फ्लाइट नं. २७७ दुर्घटना हुँदा ७७ जनाको मृत्यु भएको थियो ।



# दलभित्र खोजिएको लोकतन्त्र

विचार



● नारायण गाउँले

*मुद्दा खेपिरहेको व्यक्तिसँग सत्ताधारी दलले जग्गा र घर दान लिने कुरा पार्टीको नेतृत्वबाहेक अरू सबैले नरुचाएको विषय हो । प्रत्यक्ष स्वार्थ बाझिने विषय पनि हो । यत्ति त नांगो आँखाले पनि देखिन्छ । हामीले बनाएको कानुनले त्यसलाई गलत भन्न नसक्ला तर हाम्रो ब्रह्मले त्यसलाई सही भन्न सक्दैन...*

'विवादास्पद व्यवसायीबाट चन्दा लिएर पार्टी भवन बनाउन हुँदैन ।' यत्ति भन्न पनि नपाइने र कारबाही नै हुने दल पनि लोकतान्त्रिक दल हुन्छ र ? आफैंले मिहिनेत गरेर बनाएको पार्टी हो । हिजो मात्रै प्रवेश गरेको पनि होइन । रास्वपा या जनमत जस्तो एउटा व्यक्तिको करिश्माबाट उभिएको पार्टी पनि होइन। सैद्धान्तिक बेमेल पनि होइन, आर्थिक अपचलन या अनुशासनहीनता पनि होइन ।

अध्यक्षको चरित्रमाथि व्यक्तिगत आक्षेप र लाञ्छना पनि होइन । जोर जुलुस र नाराबाजी होइन, आफ्नो पार्टीको भवन कुनै व्यापारीले बनाएकामा सामान्य विरोध गर्दा पनि कारबाही !

मुद्दा खेपिरहेको व्यक्तिसँग सत्ताधारी दलले जग्गा र घर दान लिने कुरा पार्टीको नेतृत्वबाहेक अरू सबैले नरुचाएको विषय हो। प्रत्यक्ष स्वार्थ बाझिने विषय पनि हो । यत्ति त नांगो आँखाले पनि देखिन्छ। हामीले बनाएको कानुनले त्यसलाई गलत भन्न नसक्ला तर हाम्रो ब्रह्मले त्यसलाई सही भन्न सक्दैन। आमएमाले सदस्य पनि खुसी छन् जस्तो देखिन्नँ ।

यस्तो विषयमा पार्टीभित्र फरक मत राखेकै भरमा कारबाही हुने भन्ने हो भने त कुन स्वतन्त्रता र लोकतन्त्रका लागि लडेको होला ? बरु विषय उठान भएपछि र विरोध भएपछि दबाबबिना केन्द्रीय कमिटीलाई भोट हाल्न पो लगाउनु ! छिनोफानो गर्नु ! सबैले अध्यक्षले बोकेकै मत र विचार बोक्नुपर्ने हो भने त किन कमिटीहरू बनाउनु ? भोलि कुन मुद्दा र तर्कले अरू कार्यकर्ता अध्यक्षमा लड्नु ?

विपक्षमा बोल्नै भएन । उही राम्रो छ भन्ने हो भने नयाँ उभिन भएन । लोकतान्त्रिक दलमा त नेतृत्वले गरेका निर्णय र कामको आलोचना र समर्थन दुवै हुन्छ ।

निरंकुशता र निर्दलीयताविरुद्ध लडेर आएको भनिएको पार्टीले यस हदसम्मको असहिष्णुता देखाउनु जायज होला र ? ऋषिकेश पोखरेलदेखि गोकुल बाँस्कोटासम्म अटाउने बिन्दा र उषाकिरणहरू कसिंगर हुने भन्ने पनि हुन्छ र ? भीम रावलको कारबाहीलाई तर्कले पुष्टि गर्न सकिएला । उनी निरन्तर प्रतिपक्ष थिए । हरेक मुद्दामा उनको फरक मत थियो । उनी एमाले बनेर धेरै अगाडि जान सक्ने सम्भावना कम थियो ।

तर, यस्तो लगभग राष्ट्रिय जनमत नै विपक्षमा रहेको पार्टी निर्णयमा फरक मत राख्दैमा बिन्दा पाण्डेहरूलाई कारबाही गर्नु त निरंकुशता नै होइन र ? एमालेका लाखौं कार्यकर्ता र शुभचिन्तकले बनाउन चाहेको पार्टी यस्तै होला त ?

एमालेको चिन्ता बाहिरकाले किन गर्नु भन्ने लाग्ला । तर, बुझ्नुपर्ने विषय, एमाले राष्ट्रिय पार्टी हो । एक्लाएक्लै लड्दा पनि सबैभन्दा ठूलो पार्टी बनेको थियो । यसका निर्णय र गतिविधिले समग्र देशको भविष्य निर्धारण गर्न सक्छ। असल एमाले बन्दा देश असल बन्न सक्छ। चिन्ता गर्न पाइन्छ।

एमाले सदस्य र नेताले माओवादी र कांग्रेसको, कांग्रेसले एमाले र रास्वपाको, रास्वपाले सबै दलको चिन्ता गरेको देख्नुभएकै होला बरु तपाईंको अलिकति चल्छ भने यस्तो निर्णयले पार्टीलाई लाभ-हानि के गर्छ, मनन गर्नुहोला ।

असन्तुष्टि पार्टीभित्र राख्ने हो भन्ने रेडिमेड उत्तर पनि भुत्ते उत्तर हो । एमाले या कांग्रेस खुफिया दल होइनन् । सार्वजनिक विषयमा सार्वजनिक मत राख्न मिल्छ। त्यही मत मल्टिपल हुँदै सबैको बन्यो भने बल्ल नेता बन्न पाइन्छ । यद्यपि, केन्द्रीय समितिमा लोकतन्त्र हराएको निर्णय सदर भयो, जसले थप प्रश्न उब्जाएको छ । सरकारले नै भ्रष्ट र ठग भनेर मुद्दा दर्ता गरेको व्यवसायीबाट जग्गा नलिऊँ भन्नु अनुशासनहीनता हो भने अनुशासन के होला ?

## सामाजिक सञ्जाल



सेतेमान तामाङ

मानिसको जीवनमा सुरक्षित महसुस गर्ने ठाउँ, आत्मसन्तुष्टि हुने कतै रहेको पाइएन । भूकम्प आउँदा महलमा बस्नेहरू भुइँमा तँछाडमछाड दौडिन्छन् । झुपडीमा बस्नेहरू सुरक्षित रहन्छन् । आखिर प्रकृतिले जे दिएको हुन्छ, त्यो नै सुरक्षित बासस्थान हो । मानव निर्मित कृत्रिम भौतिक संरचनाका बासस्थान सधैं जोखिम नै हुन् ।

सीमाले देश छुट्याएर हुन्छ र ? प्रकृतिले एउटै नियतिमा बाँधेको तथ्यलाई हामीले भुल्नु हुँदैन भन्ने बोध आज भूकम्पले गराएको छ। भूकम्पको केन्द्रबिन्दु त तिब्बतको सिगात्से शहरबाट पनि टाढा छ । तर, धक्काको प्रभाव त नेपालको त्रिशूलीपूर्व र पूर्वी बिहार, सिक्किम र पश्चिम भुटानसम्म पऱ्यो ।



तारानाथ दाहाल



सूर्यराज आचार्य

राजनीतिक नेताले आफ्ना प्रतिस्पर्धी, समालोचक तथा आलोचकप्रति व्यवहार गर्ने औजारका रूपमा 'साइबर-सेना' परिचालन गर्नु भनेको रोगको उपचार गर्नेतिर भन्दा दुखाइ कम गर्ने औषधि 'पेइन किलर'मा भरपर्नु जस्तै हो तर पनि जनताको मन बुझ्ने/जित्नेभन्दा साइबर परिचालनको प्रवृत्ति बढ्दो छ ।

बाँसबारीको हदम्याद टुंगिँदै, बालकृष्ण खाँडको पुनरावेदन अदालत लिएर नजाने, सहकारी ठगी मुद्दामा छानबिन नगरी माया राईलाई उन्मुक्ति, सहकारी प्रकरणमा राजीव पहारीमाथि मुद्दा दायर भएन, अघिल्लो सरकारले पञ्चा सिंह पक्राउ गरेन, अमला रोका फरार गरायो । सरकार देश र जनताको लागि होइन र थिएन ।



निर्मल प्रसाईं

# शुद्धोधन गाउँपालिकाको नाम 'शुद्धोदन' बनाइने



**अर्घाखाची/मस–** रुपन्देहीको शुद्धोधन गाउँपालिकाको नाम 'शुद्धोदन' बनाइने भएको छ। अनौपचारिक रुपमा 'शुद्धोदन' चलनमा ल्याउन थालिएको भएपनि त्यसलाई औपचारिक र कानूनी रुपमै ल्याउने गरी आवश्यक प्रक्रिया अघि बढाइएको हो । गाउँपालिकाको १७औं अधिवेशनको तेस्रो बैठकले 'शुद्धोदन' नाम कानूनी रुपमै पास गरेको गाउँसभाका प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर घर्तीले जानकारी दिए।

गाउँसभामा अध्यक्षा विष्णुप्रसाद बस्यालको तर्फबाट प्रवक्ता समेत रहेका कार्यपालिका सदस्य केशवप्रसाद अधिकारीले गाउँपालिकाको नाममा शुद्धीकरण तथा दीर्घकालीन सोचमा परिमार्जन गर्ने सम्बन्धी प्रस्ताव गाउँसभामा पेस गरेका थिए।

गाउँपालिका स्थापना गर्दा गरिएको नामकरणको अर्थ र सान्दर्भिकतालाई समेतलाई आत्मसाथ गरेर गाउँपालिकाको नामको प्रयोग सन्दर्भमा नाम शुद्ध बनाउने निर्णय गाउँसभाले पारित गरेको अध्यक्ष बस्यालले बताए । स्थापना गर्दा महामानव गौतमबुद्धका बुबाको नामबाट गाउँपालिकाको नामाकरण गरिएकोमा प्रचलनमा अशुद्ध रुप आएकोले त्यसलाई शुद्धता दिलाउन गाउँसभामा पेस भएको थियो । जुन सान्दर्भिकता र औचित्यको आधारमा गाउँपालिकाको नामाकरण गरिएको हो। गाउँपालिकाको नाम स्थापनादेखि हालसम्म शुद्धोधन रहेको र सबैतिर शुद्धोधन नै प्रयोग भएको छ।

गाउँपालिकाको नाम व्याकरणीक सिद्धान्तभन्दा फरक रहेको गाउँपालिकाको भनाइ थियो। गाउँपालिकाको स्थापनाकालमा नामकरण गर्दा विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धका पिता शुद्धोदनको नामबाट गरिएको हो । शुद्धोधन गाउँपालिकाको १७ औं अधिवेशनले न्यायिक, विधायन र लेखा समितिका अर्धवार्षिक प्रतिवेदनहरू पारित गरेको छ । साथै सामाजिक, आर्थिक, पूर्वाधार, वन/वातावरण र सुशासन/संस्थागत गरी ५ वटा विषयगत समितिहरूका अर्धवार्षिक प्रतिवेदनहरू पारित भएका हुन् । अधिवेशनले चालू आ.व.को विनियोजन ऐनसहित गाउँपालिकाबाट बनेका १० वटा कानुनहरू अनुमोदन गरेको प्रमुख प्रशासकीय अधिकृत घर्तीले बताए। उनका अनुसार कार्यालयको संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवदेन २०७७ मा संशोधन प्रस्ताव पारित गर्दै गाउँपालिकाको नाम शुद्धोधनलाई शुद्धोदन बनाउने शुद्धीकरण प्रस्ताव पारित भएको छ। शुद्धाशुद्धीमा नियमन गर्ने विभिन्न निकायहरूबाट भाषागत रूपमा त्रुटी हटाई शुद्धता अपनाउनका लागि सबै स्थानीय तहहरूलाई विशेष ध्यानाकर्षण गराइएकोमा यसरी व्याकरणीक तथा भाषागत हिसाबले शुद्ध गरी लेख्न र प्रयोग गर्न जरुरी देखिएको प्रमुख प्रशासकीय अधिकृत घर्तीको भनाइ छ। त्यसैले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ उपदफा ३ बमोजिम प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउने प्रयोजनार्थ गाउँपालिकाको नाम हालसम्म नेपालीमा शुद्धोधन र अंग्रेजीमा shuddhodhan भएकोमा अब उपरान्त नेपालीमा शुद्धोदन र अंग्रेजीमा shuddhodan उल्लेख गर्नु उपयुक्त ठानी यो प्रस्ताव सभामा पेश भएकोमा सर्वसहमत पारित भएको हो ।

यस्तै गाउँसभाले गाउँपालिकाको दीर्घकालीन सोच समेत परिवर्तन गरेको छ। हालसम्म कायम रहेको 'शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः सुशासन र समृद्धि शुद्धोधन गाउँपालिकाको मूल आधार' भन्ने दीर्घकालीन सोचलाई परिमार्जन गरी अब उपरान्त 'आर्थिक विकासमा प्रवर्द्धनः समृद्ध शुद्धोदन' भन्ने दीर्घकालीन सोचको तय गरी लागू गर्ने गाउँसभाले निर्णय गरेको छ।


## पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०९/२५**

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व २०८१/०८२ वार्षिक बजेट अनुसार मिति २०८१/०८/०२ र २०८१/०९/०४ गतेको राष्ट्रिय दैनिक पत्रिका र PPMO e-GP System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम मिति २०८१/१०/०३ गते दिनको १:०० बजे आर्थिक प्रस्ताव खोलिने भएकाले सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | सारभूत रुपमा प्राभावग्राही तथा योग्यताका आधारमा सफल बोलपत्र दाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| 1. | EGP/PURMO/NCB/WORKS/SCL/81/82-01 | Construction of four Roomed School Building at Shree Sanobheri Aa.Bi KharKhola-07, Shree, Aadarsha Aa.Bi Dimurgairah-06, Shree Janjyoti aa.bi Jang-07 and 2 roomed school building at Shree Janpriya Aa.bi Ghumlibang-10 | १. श्री NC-SN J.V. Kathmandu | |
| | | | **सारभूत रुपमा प्राभावग्राही नभएका तथा योग्यताका आधारमा असफल बोलपत्र दाताको नाम र ठेगाना** | **असफलको कारण** |
| | | | १.श्री JUCTION NIRMAN SEWA&SUPPLIERSPVT. LTD And PRABHAT NIRMAN SEWA.PVT.LTD Rukum East. | **1.ITB 21.1 and EQC 2.1.10: Tax clearnce Certificate of JV Partner Juction Nirman sewa Not Submitted.** **2. EQC 2.4.2** Contracts of Similar Size and Nature Not Satisfied. |

प्रमुख प्रशासकिय अधिकृत


# धनुषाका पत्रकारलाई साइबर सुरक्षा अभिमुखीकरण



**जनकपुरधाम/मस–** धनुषाका क्रियाशिल पत्रकारहरु अब च्याट जीपीटीको सहयोग लिएर समाचार लेख्ने क्षमताको विकास गर्न सफल भएका छन् । उनीहरुले आउने दिनमा च्याट जीपीटीको सहाराबाट ठूलठूला समाचार लेख्न सक्नेछन्।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशद्वारा धनुषाका पत्रकार हरूका लागि साइबर सुरक्षा र आर्टीफिसियल एण्टेलिजेन्स (एआइ) सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भरिएको छ। यस कार्यक्रमले पत्रकारहरूलाई साइबर सुरक्षाका महत्वपूर्ण पक्ष र एआइ प्रविधिको सकारात्मक र नकारात्मक प्रभावबारे जानकारी प्रदान गरिएको छ। ग्रामीण प्रशिक्षण केन्द्र मुजेलियास्थित सभाकक्षमा आयोजित अभिमुखी कार्यक्रममा पत्रकारिता र प्रविधिका कुराहरु साइबर सुरक्षा विशेषज्ञ जीवन भण्डारी र प्रकाश मैनालीले जानकारी दिए । उनीहरुले साइबर सुरक्षा र एआइको क्षेत्रमा भएका नवीनतम विकासहरू र तिनका पत्रकारितामा देखिएका प्रभावहरुबारेमा जानकारी गराएक्ष थिए।

मधेश प्रदेशको गृह संचार तथा कानून मन्त्री राजकुमार लेखीले कार्यक्रमको उद्घाटन गरेका थिए । उनले समाजका सचेत नागरिकहरुमध्ये संचारकर्मीहरुलाई आधुनिक प्रविधिको ज्ञान हासिल गर्नको लागि यो कार्यक्रम भइरहेको बताए।

आफ्नो कर्तव्य पालना आफैबाट गर्दै बढेमा समाजमा रहेका विकृति,विसंगती समाप्त भएपछि लोकतन्त्र गणतन्त्रको स्थायित्व हुने उनले बताए। मधेश प्रदेशको आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्यद्वय रामअशिष यादव, रत्नेश्वर गोइत, मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, गृह संचार तथा कानुन मन्त्रालयका सचिव उद्धवप्रसाद रिजाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्ण, महासंघ मधेश प्रदेशका उपाध्यक्ष ज्योति झा, महासंघ धनुषाका अध्यक्ष पुरन साह,उपाध्यक्ष अवधेश कामत लगायतले मन्तव्य राखेका थिए।


## Putha Uttarganga Rural Municipality
## Office Of The Rural Municipal Executive
**Takasera, Rukum (East)**
**Lumbini Province, Nepal**

### Invitation Of Bids

**(First Date Of Publication: B.S 2081/09/25) ( A.D 2025/01/09)**

1. Putha Uttarganga Rural Municipality ,Rukum (East) invites bids from eligible and qualified bidders for the following construction works.

| Contract No. | Description of works | Estimate Amount (Without Vat But With PS) (NRs.) | Bid Security Amount (NRs.) | Bid Doccument Price (NRs.) | Last Date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|
| EGP/PURMO/NCB/WORKS/Road/81/82-02 | Road Construction and Improvement of Gara-Ranma , Putha Uttarganga Rural Municipality Ward no.5-3 | 2978049.43 | 86500 | 3000 | 09-02-2025 12:00 | 09-02-2025 13:00 |
| EGP/PURMO/NCB/WORKS/tatopani/81/82-03 | Dimurgahira Hot Spring (Tatopani) Conservation and Tourism Development Program at Putha Uttarganga | 7686826.25 | 229000 | 3000 | 09-02-2025 12:00 | 09-02-2025 13:00 |

2. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:

| Office Name | Putha Uttarganga Rural Municipality ,Rukum (East) | | |
|---|---|---|---|
| For Bid Document | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | 01415359946 | Siddartha Bank Ltd., Putha Uttarganga Branch |
| For Bid Security | Putha Uttarganga (GA 03) Dharauti Khata | 01415220470 | |

3. Bidder have to Submit their Bid electronically through e-procurement section of PPMO'S website: https://www.bolpatra.gov.np/egp/ (online) only.
4. Any condition so far not cover Shall be as per Public Procurement Act, 2063(Including all Amendment), and Public Procurement Regulation,2064 (Including all Amendment). Any amendment in tender notice shall publish in e-procurement section of PPMO'S website: https://www.bolpatra.gov.np/egp/ and in office notice Board.
5. Putha Uttarganga Rural Municipality ,Rukum (East) reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**


# शीतलहर चलेपछि महोत्तरीमा विद्यालय बन्द



**महोत्तरी/मस–** शीतलहर र अत्यधिक चिसो भएको भन्दै महोत्तरीका ९ वटा पालिकामा विद्यालय बिदा दिइएको छ । मंगलवारदेखि शीतलहर र बाक्लो हुस्सुसँगै चिसो हावा चल्न थालेपछि पालिकाहरूले विद्यालय धमाधम बिदा दिन थालेका जिल्ला शिक्षा विकास तथा समन्वय इकाई महोत्तरीले जनाएको छ।

९ वटा पालिकाले एक हप्ताको जाडो बिदा दिँदै विद्यालय बन्द गरेका समन्वय इकाई प्रमुख रेबिका अमात्यले जानकारी दिइन्। मनरा शिसवा, जलेश्वर, लोहरपट्टी, बलवा, भंगाहा नगरपालिका र सोनमा, महोत्तरी, पिपरा र एकडारा गाउँपालिकाले विद्यालय बन्द गर्ने निर्णय गरेका छन्।

चिसोका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न सक्ने भन्दै बन्द भएका पालिकाका सबै सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालय एक हप्ता बन्द रहने पालिकाहरूले विज्ञप्ति मार्फत जनाएका छन्।

अचानक बढेको चिसो र शीतलहरले जिल्लामा जनजीवन प्रभावित भएको छ।


## Letang Municipality
## Office of Municipal Executive
**Letang, Morang**
**Koshi Province, Nepal**

### Invitation For Bids

**Date of Publication: 08 January 2025 (2081 Poush 24)**

1. The Letang Municipality, Morang invites electronic bids from eligible bidders for the procurement **Construction of Budhabare Haat Bazaar Tahara** under National Competitive Bidding procedures**.**
2. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or refer to bid documents.
3. Sealed bids must be submitted through the e-GP system i.e. www.bopatra.gov.np/egp **on or before 09 February 2025 (2081 Magh 27) at 12:00**. Bids received after this deadline will be rejected.

| S. No. | IFB No. | Particulars | Estimated Cost with PS without VAT (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2081-82/11 | Construction of Budhabare Haat Bazaar Tahara | 27,47,039.47 (Disclosed as per Rule 49 of PPR 2064) | 68,400 | 3,000 | 90 days / 120 days |

**Chief Administrative Officer**


# राष्ट्रिय ख्रिष्टियन महासंघको अध्यक्षमा चिमोरिया




**काठमाडौं/मस–** राष्ट्रिय खीष्टियन महासंघ नेपालको विशेष महाधिवेशन सम्पन्न भएको छ। महाधिवेशनले उद्धब प्रसाद चिमोरियाको नेतृत्वमा ५१ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ। बुधबार संवाद डबलीमा पत्रकार सम्मेलन गरी महासंघले उक्त जानकारी गराएको छ।

पत्रकार सम्मेलनमा नवनिर्वाचित अध्यक्ष चिमोरियाले लामो समयदेखिको सांगठनिक निष्कृयतालाई महाधिवेशनले अन्त्य गरेको जानकारी दिएका थिए । चिमोरियाले तत्कालिन अध्यक्ष सिवी गहतराज कानुनी हिसाबले अयोग्य भएपछि विशेष महाधिवेशन गर्नु परेको बताउँदै भने,'गहतराजलाई काठमाडौं जिल्ला अदालतले लिखत किर्ते कसुरमा एक वर्ष कैद फैसला सुनाएपछि नयाँ कमिटी चयन गर्नुपर्ने बाध्यता भयो।'

केन्द्रीय उपाध्यक्ष तथा लुम्बिनी प्रदेश प्रमुख विष्णु परियारका अनुसार निर्वाचन समिति र अध्यक्ष मण्डको तर्फबाट पेश गरिएको नवनिर्वाचित कार्यसमिति महाधिवेशनबाट सर्वसम्मतले पारित गरिएको थियो।

# जेष्ठ नागरिकलाई न्यानो कपडा



**सरु भुसाल / मध्यान्ह**
अर्घाखाँची, २४ पुस

सन्धिखर्क नगरपालिकाले प्रत्येक वर्ष जेष्ठ नागरिक सम्मान तथा न्यानो कपडा वितरण गर्दै आएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी अग्रजप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने उद्देश्यले यस वर्ष पनि सम्मान कार्यक्रम आयोजना गरिएको बताए ।

भुसालले ज्येष्ठ नागरिकलाई सम्मान गर्नु सबै नागरिकको कर्तव्य रहेको स्पष्ट पार्दै आत्मसम्मान वृद्धि गर्न यस्ता कार्यक्रम महत्वपूर्ण हुने बताए ।

सन्धिखर्क नगरपालिका वडा नम्बर ७ ले आयोजना गरेको जेष्ठ नागरिक सम्मान कार्यक्रममा बोल्दै भुसालले कुनै पनि ज्येष्ठ नागरिक वृद्ध अवस्थामा घर छाडेर वृद्धाश्रम जानु नपरोस्, छोराछोरीले सम्मानपूर्वक घरमै बस्न सक्ने वातावरण बनाउनुपर्छ भन्ने सन्देश दिन वडाले यस्तो कार्यक्रम आयोजना गरेको बताए। कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य लक्ष्मण कँडेल, पत्रकार अनिल नेपालीले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा वडाभित्र रहेका ८० वर्ष उमेर पुगेका ६२ जना जेष्ठ नागरिकलाई सम्मानसहित दोसल्ला, मह वितरण गरिएको वडाध्यक्ष चुराबहादुर केसीले बताए ।

सन्धिखर्क नगरपालिकाका ७ का जेष्ठ नागरिकलाई वडाले सम्मान गर्दा आफुहरूलाई निकै खुसी लागेको र स्थानीय सरकार भएको महसुस गरिएको जेष्ठ नागरिक पशुपति ज्ञवालीले प्रतिक्रिया दिए ।

कार्यक्रममा वडा सदस्य पुष्पा नेपाली, डुकलाल पोखेल, पूर्व सदस्य रामलाल खनाल लगायत जनप्रतिनिधिहरु, स्थानीय बासीहरु, कर्मचारीहरुको सहभागीता रहेको थियो ।

वडा सचिव सीता विसी पराजुलीले सञ्चालन गरेको कार्यक्रममा स्वागत मन्तव्य वडा सदस्य मिना ज्ञवालीले गरेकी थिइन् । कार्यक्रम वडाध्यक्ष चुराबहादुर केसीको अध्यक्षतामा भएको थियो ।

# मधेश सरकारले शहीद परिवारको बीमा गर्ने



**कमल साह / मध्यान्ह**
जनकपुरधाम, २४ पुस

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयले मधेश प्रदेशमा विभिन्न आन्दोलनको क्रममा शहीद भएका एक सय ८६ जनाको परिवारलाई निःशुल्क स्वास्थ्य बीमा गर्न लागेको छ ।

मधेश गृह संचार मन्त्रालयले विभिन्न आन्दोलका शहीद परिवारबाट पाँच जना परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्न लागेको छ ।

त्यस्तै मधेश प्रदेशका ८ वटै जिल्लाबाट १ हजार ८१ जना शहीद परिवारलाई यसै आर्थिक वर्षभित्रमा स्वास्थ्य बीमा गर्न लागेको प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राज कुमार लेखीले पत्रकार सम्मेलनमा जानकारी दिए ।

मधेशी शहीद प्रतिष्ठानमार्फत शहीदहरूको तथ्यांक संकलन गर्ने काम शुरु भएको शहीद परिवारका पाँज जना सदस्यलाई उक्त बीमामा आबद्ध भएपछि १ लाखसम्मको स्वास्थ्य उपचार गर्न मिल्ने मन्त्री लेखीले जानकारी गराए ।

गृहमन्त्री लेखीले स्वास्थ्य बीमा गर्नका लागि स्वास्थ्य बीमा बोर्डसँग सम्झौता भएको जानकारी गराउँदै त्यसको शुरुवात आगामी माघ ९ गतेबाट गरिने बताए। उनले माघ ५ गते प्रदेश सरकारले सामान्य रुपमा बलिदानी दिवस जनकपुरधाममै मनाउने बताए ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव उद्धव प्रसाद रिजालले १ हजार ८१ शहीद परिवारका पाँच जना सदस्यको स्वास्थ्य बिमाका लागि मधेश प्रदेश सरकारले स्वास्थ्य बीमा बोर्डलाई प्रति शहीद परिवार ३ हजार ५ सय बीमा शुल्क तिरिदिने बताए ।

उनले स्वास्थ्य बीमाको कार्यक्रम यसै आर्थिक वर्षको असार १० गते भित्रमा गरिसक्नुपर्ने प्रावधान भएपनि मधेशी शहीद प्रतिष्ठानको सहयोगमा चाडै शुरुवात गरिने बताए ।

बीमा कार्यक्रममा मधेश आन्दोलन, सशस्त्र आन्दोलन तथा २०६२-०६३ का आन्दोलनमा शहीद भएका परिवारहरू समेटिने जनाइएको छ ।

## स्थायी नियुक्तिको लागि सम्पर्कमा आउने बारे कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

**सूचना प्रकाशित मितिः २०८१/०९/२५ गते**

कर्णाली प्रदेश लोक सेवा आयोगको मिति २०८१/०८/२७ (सूचना नं. १७२/०८१/०८२) को योग्यताक्रम सूचना अनुसार प्रदेश वन सेवा, जनरल फरेष्ट्री समुह, वन अधिकृत सातौं तहमा स्थायी नियूक्तिको लागि सिफारिस हुनुभएका भरतपुर-९, चितवन स्थायी ठेगानाका श्री रक्षा लामिछाने (योग्यता क्रम नं. २२, मास्टर आइडी ३७०९८), प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम २२ को उपनियम (१) बमोजिम सूचना गर्दा समेत सम्पर्क नआउनु भएकोले सोही नियमको उपनियम (२) बमोजिम यो ३० (तीस) दिने सूचना प्रकाशन गरिएको हुँदा यो सूचनाको म्यादभित्र स्थायी नियूक्ति बुझ्न यस मन्त्रालयको सम्पर्कमा आउनु हुन जानकारी गराईन्छ ।


## युएईमा रोजगार

**कम्पनी: Al Masar Recruitment Services Sole Proprietorship LLC शहर: UAE**
पूर्व स्वीकृत मितिः २०८१/०५/१८ चलानी नं.: ६०२२४६९८ LT. No.: 310133 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 8 | 0 | स. काममा दक्ष | 2000 | ७४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ ३ गते (16 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**J J Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Nepal
Tel : +97714586825, E-mail : jjhumanresource1040@gmail.com, Web : www.jjhumanresource.com

## UAE मा रोजगार

**THAMEL RESTAURANT, UAE** पुनःबिज्ञापन
पूर्व स्विकृति मितिः 2081.05.09 चलानी नं. ६०२२४१३१ LT No. 309457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 3 | 1300 | 48668 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 0 | 2 | 1200 | 44924 | | | | | | | |
| 3 | Cook | 1 | 0 | 2500 | 93592 | | | | | | | |
| 4 | Sales Officer | 1 | 0 | 1800 | 67386 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०८१ माघ ३ गते (16 January 2025) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५


## Darma Rural Municipal
## Office of the Rural Municipal Executive

**Pharulachaur, Salyan**
**Karnali Province, Nepal**

## Invitation for bid

**Second date of publication: 2081/09/25 (9th, jan, 2025)**

1. Darma Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following contract.

| S. N. | Contract No. | Description of Works | Estimated cost (w/o VAT) | Cost of bid Documents (NRs) | Minimum bid security amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | DRM/NCB/G/01/2081/082(RE) | Procurement and supply of medicine ata Darma rural municipality | 24,79,181.00 | 3,000.00 | 62,500.00 | |
| 2. | DRM/NCB/W/B/02/2081/082(RE) | Construction of Nepal Manab dharma sewa samiti shakha aashram building, Darma, 02, Salyan | 25,81,353.60 | 3,000.00 | 73,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Darma Rural Municipali,.Pharulachaur, Salyan, Tel. ph. No. :9857844464, 9847911584, e-mail: ito.darmamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nabil Bank ltd.**
   **Name of Office : Darma Rural Municipality**
   **Office Account no. : 7301017500275**
4. Pre-bid meeting shall be held at Office of the Darma Rural Municipality at 13:00 hours, 2025/01/17.
5. electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hours on 2025/01/24. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hour on 2025/01/24 at the office of Darma Rural Municipality, Pharulachaur, Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.The bid security shall be, at the Bidder's option, in any of the following forms:
   (a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or;
   (b) a cash deposit voucher in the Employer's Account as specified below:
   **Name of the Bank : Nabil Bank Ltd..**
   **Name of Office : Darma Rural Municipality**
   **Dharauti Account no. : 7301017500290**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Adminstrative Officer**

**MANJUSHREE FINANCE LIMITED**
**मञ्जुश्री फाईनान्स लिमिटेड**
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०९/२५**

यस वित्तीय संस्थाको शाखा कार्यालय, नेपालगञ्जबाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा ०८औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्वन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपशिल**

**१. ऋणीको विवरण**

**कर्जाको प्रकार : व्यवसायीक आवधिक कर्जा**

**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँके मा मिति २०७६/०५/१९ गते, प्रा.फ.र.नं. ३०९१५/०७६/०७७ भई, स्थायी लेखा नं. ६११७९८८९७ भई बाँके जिल्ला खजुरा गा.पा. वडा नं. ०४, स्थित रजिष्टर्ड कार्यालय रहेको **आयुष एण्ड आइसा किराना स्टोर । (प्रोप्राइटर : आशा सुनार)**

**व्यक्तिगत जमानी दिनेहरूको विवरण**

| प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : आशा सुनार | व्यक्तिगत जमानिकर्ता : राम सिँ सुनार |
|---|---|
| बाबु : विष्णु बहादुर सुनार | बाबु : लाल सिँ सुनार |
| पती : रामसिह सुनार | बाजे : छोटे सिँ सुनार |
| ना.प्र.नं. : १४५९४ | ना.प्र.नं. : ३४८० |
| जारी मिति : २०६०/०४/२२, जि.प्र.का. : बाँके | जारी मिति : २०५४/१२/१७, जि.प्र.का. : बाँके |
| ठेगाना : बाँके जिल्ला, साविक वागेश्वरी उ.म.न.पा /गा.वि.स वडा नं. ०४, को परिवर्तित खजुरा गा.पा. वडा नं. ०४ । | ठेगाना : बाँके जिल्ला, साविक वागेश्वरी गा.वि.स/उ.म.न.पा. वडा नं. ०४, को परिवर्तित खजुरा गा.पा. वडा नं. ०४ । |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

आशा सुनार को नाममा मा.पो.का., गुलरिया, बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला गुलरिया गा.वि.स/न.पा. वडा नं. १, नक्सा सिट नं. १ स्थित कि.नं. २९९७ को क्षेत्रफल क्रमशः ०-०-१०-० (१६९.३० ब.मी) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/१०/०३।


## UAE मा रोजगार

**कम्पनीः INTELLIGENT GLOBE CONSTRUCTION AND GENERAL TRANSPORT शहरः UAE**
पूर्व स्वीकृत मितिः २०८१/०९/२४ चलानी नं.: ६०२३१०७० L.T.No.: 316909

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen. Plumber | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 3. | General Carpenter | 25 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 4. | General Electrician | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 5. | General Welder | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 6. | Mason General | 50 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 7. | Painter | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 8. | Riggers | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 9. | Scaffolder | 25 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 10. | Steel Fixer | 25 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |

**कम्पनीः INTELLIGENT GLOBE CONSTRUCTION AND GENERAL TRANSPORT शहरः UAE**
पूर्व स्वीकृत मितिः २०८१/०९/२४ चलानी नं.: ६०२३१०७१ L.T.No.: 316910

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electricians Gen. | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 3. | Gen. Plumber | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 4. | General Carpenter | 25 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 5. | General Welder | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 6. | Mason /mason General | 50 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 7. | Painter | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 8. | Riggers | 5 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 9. | Scaffolder | 25 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |
| 10. | Steel Fixer | 25 | 0 | | 1200 | ४४,७१२ | | | | | | | |

**अन्तर्वार्ता वर्ल्ड नेट स्किल ट्रेनिङ सेन्टर, धुम्बराही ४, सुकेधारा, काठमाडौंमा २०८१ माघ ३ र ८ गते (16 & 21 January 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता पिआइटी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ माघ ४ र ५ गते (17 & 18 January 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८१ माघ ६ गते (19 January 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता बुटवल मल्टिपल ट्रेनिङ सेन्टर, रूपन्देही, बुटवलमा २०८१ माघ ७ गते (20 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. २९६/०५८/०५९
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोनः ४७२०२५४, ९८४९६६१२११, ९७४२४५९०७६, ९८०१०२३८१२, ९८०१००३९६९, ९८४०६७६४०९
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web : www.pacificoverseas.org

## युएईमा रोजगार

**कम्पनीः SHJ. ENVIRONMENT CO. LLC - BEEAH शहरः UAE**
पूर्व स्वीकृत मितिः २०८१/०९/२४ चलानी नं.: ६०२३१०६५ LT. No.: 316857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 185 | 15 | स. काममा दक्ष | 800 | २९,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ३ गते (16 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
LINK INTERNATIONAL PLACEMENT SERVICE Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

# भागीरथका कृषिका विद्यार्थीलाई छात्रवृत्ति



**मोरङ/मस**-पथरी-शनिश्चरे नगरपालिका-४ मा रहेको श्री भागीरथ उच्चमाविमा अध्ययनरत कृषितर्फका विद्यार्थीहरूले छात्रवृत्ति पाएका छन् ।

वडामा खेती किसानी गर्नेहरूलाई व्यवस्थित र वैज्ञानिक खेतीको प्रयास हुन नसकेको भन्दै वडा-४ ले आधुनिक कृषिमा जोड दिन छात्रवृत्ति प्रदान गरेको हो ।

वडाध्यक्ष लोककिरण न्यौपानेले भने,'नगरको बजेटले हामीले पुरानै पाराको अझ भनौं कर्मकाण्डी मात्र बनाइरहेका छौं । बिउ, मल आदिमा अलमल गर्दागर्दै आधा कार्यकाल बितिसक्यो ।'

कृषिलाई व्यवस्थित गर्ने र वैज्ञानिक बनाउने दीर्घकालीन सोचका साथ भागीरथ उच्च माविका केही छात्र-छात्रालाई आफूहरू निर्वाचित भएर आएकै वर्षदेखि छात्रवृत्ति प्रदान गरिरहेको न्यौपानेले बताए ।

उनीहरूको पढाइ सकिएपछि अर्थात् ६ महिनापछि १ वर्ष स्वयंसेवा लिने वडाको सोच रहेको उनको भनाइ छ । यस योजनाअन्तर्गत सुजता अछामीलाई ४० हजार, बन्दना सुवेदीलाई ४० हजार र अभिषेक ठटाललाई २० हजार रुपैयाँ प्रदान गरिएको थियो ।

# ईशनाथ नगरपालिकाको हिउँदे नगरसभा सम्पन्न




**रौतहट/मस**- ईशनाथ नगरपालिकाको १०औं हिउँदे अधिवेशन बुधबार सम्पन्न भएको छ । सभामा नगर कार्यपालिकाले गरेका शोधानान्तरसहितका विभिन्न निर्णयहरु पारित गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्द किशोर गुप्ताले जानकारी दिएका छन् ।

कार्यक्रममा नगर प्रमुख कौशल्या देवीले स्थानीय तहले चालू आर्थिक वर्ष ०८१/०८२ का लागि विनियोजित बजेट र नीति तथा कार्यक्रमको प्रगतिका बारेमा जानकारी गराएकी थिइन् । उनले संशोधन कार्यक्रमको समीक्षासँगै ऐन र कार्यविधि पारितलगायतका विषयमा काम गरेको जानकारी गराइन् ।

